जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com






वर्ष २५ •अंक ३१३ • २०८० साल चैत्र २९ गते विहिबार (11 April, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


## बागमती नगरपालिकाका मेयरविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

मलंगवा । बागमती नगरपालिकाका मेयर भरत कुमार थापाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेयर थापाविरुद्ध बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

थापा लगातार दोस्रो कार्यकालका लागि माओवादी केन्द्रको टिकटबाट मेयरमा निर्वाचित भएका हुन् । उनको जीवनमा आधारित'मेयर' चलचित्र निर्माणाधीन रहेको छ।



अनुसन्धानको जाँच अवधिमा थापाको सम्पूर्ण व्यय (खर्च तथा लगानी) मा घर/जग्गा खरिद, विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट उपभोग गरेको कर्जा/ऋणको साँवा व्याज तिरेको रकम, जीवन बीमा प्रिमियम भुक्तानीमा भएको खर्च, विभिन्न कम्पनीहरूमा लगानी भएको खर्च, अध्ययन खर्च, शेयर खरिद खर्च, सवारी साधन खरिदमा भएको खर्च, सेवा दस्तुर बापत तिरेको रकम र बैंक मौज्दात रकमसमेत गरी १३ करोड २० लाख ३ हजार ३ सय ९१ रुपैयाँ ८४ पैसा खर्च तथा लगानी भएको मध्ये ५ करोड ३३ लाख ५३ हजार एक सय ८९ रुपैयाँ ६६ पैसाको स्रोत नखुलेको आयोगको अनुसन्धानबाट खुलेको जनाइएको छ।

आयोगले दिएको जानकारी अनुसार मेयर थापाको वैध आय ७ करोड ८६ लाख ५० हजार २ सय १ रुपैयाँ ४८ पैसा रहेको देखिन्छ।

कुल वैधानिक आयलाई मेयर थापाले गरेको कुल व्ययसँग तुलना गर्दा उनको आयस्रोत र आर्जन गरेको सम्पत्तिबीच हिसाबकिताब मिलान नदेखिएको र सम्पत्ति ऋणात्मक देखिएको आयोगको अनुसन्धानबाट खुलेको जनाइएको छ।

सार्वजनिक पद धारण गरेका मेयर थापाले सार्वजनिक पदको दुरुपयोग गरी पाँच करोड ३३ लाख ५३ हजार एक सय ८९ रुपैयाँ ६६ पैसाका गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आयोगले जनाएको छ।

उनीविरुद्ध आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर पुष्टि हुन आएको भन्दै विगोसहित जरिवाना र कैद सजायको मागदाबी गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र मेयरकी पत्नी रेश्मी कुमारी घिमिरे थापा, भाई राम कुमार थापा र भाईबुहारी द्वारिका राउतलाई प्रतिवादी कायम गरेको छ। उनीहरूको नाममा हाल कायम रहेको सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्तिबाट बिगो जफत/असुल उपर गरी पाउनसमेत मागदाबी गरिएको प्रवक्ता घिमिरेले बताए।

### दबाब र प्रभावमा नपर्न निर्देशन

## 'हरेक भ्रष्टाचारको फाइल खोल्नु पर्छ' :उपप्रम लामिछाने

**टुडे समाचारदाता**

जनकपुरधाम । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले हरेक कालखण्डमा भएका भ्रष्टाचारलाई स्वतन्त्ररुपमा छानबिन गर्नका लागि उच्चस्तरीय आयोग गठन गर्नुपर्ने बताएका छन् ।

जनकपुरधाममा बुधबार प्रदेशस्तरीय सुरक्षा गोष्ठी समापन पछि संचारकर्मीहरुसंगको भेटमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष समेत रहेका गृहमन्त्री लामिछानेले कुनै पनि कालखण्डमा भएका भ्रष्टाचारको फाइल खोल्नुपर्ने बताए।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले संसद भवनमा गृहमन्त्री लामिछानेमाथि सहकारीको रकम अपचलन गरेको आरोप लगाउँदै प्रमुख प्रतिपक्षी कांग्रेसले संसदीय छानविन समितिको माग गरिरहेको छ। लामिछानेकै कारण प्रतिनिधि सभाको बैठक अवरुद्ध गरिरहेको कांग्रेसप्रति लक्षित गर्दै आएपछि गृहमन्त्री लामिछानेले विगतमा भएका विभिन्न भ्रष्टाचारहरुको समेत फाइल खोल्नुपर्ने बताएका हुन्।

कांग्रेसलाई संसदमा अवरोध नगरी प्रतिपक्षमा रहेर जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न उनले आग्रहसमेत गरे। सत्तापक्षकै दलहरु जनता समाजवादी पार्टी(जसपा) नेपाल र नेकपा एसका सभासदहरुले पनि छानबिन समितिको सवालमा कांग्रेसलाई साथ दिएका छन्।

उपप्रधानमन्त्री लामिछानेकी पत्नी निकिता पौडेललाई समेत सहकारी ठगी प्रकरणमा मुछिएको छ। यद्यपि उनले आफ्नो संलग्नताबारे अस्वीकार गरिसकेकी छन्।




गितेन्द्रबाबु (जीबी) राई र उनको समूहले चलाइरहेको सहकारी संस्थाहरु मध्ये वीरगञ्जको सानोपाइला बचत तथा ऋण सहकारी संस्था , पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, नेपालगञ्जको समानता, चितवनको सहारा चितवन बचत तथा ऋण सहकारी संस्था हुन्। तर अहिले आफूहरुको रकम फिर्ता नपाएको सहकारीका बचतकर्ताहरुले गुनासो गर्दै आएका छन् । गृहमन्त्री लामिछानेको नाममा जीबी राई समूहसित जोडिएकाले सहकारीको रकम अपचलनमा उनीमाथि छानविनको आवाज उठेको छ।

मधेश प्रदेशको शान्ति सुरक्षाको सवालमा संघीय सरकारले प्रदेश सरकारसंग समन्वय गरेर अघि बढ्नुपर्ने आवश्यकता रहेको उनले औल्याए। हुण्डी कारोबारी, तस्करी, विलविजक नदिइ गरिने कालाबजारी, गुण्डागर्दी, राजस्व छली, राजस्व संकलन, ठगी लगायतकाहरु नियन्त्रण गर्नुपर्ने मन्त्री लामिछानेले बताए।

उनले मधेशमा सुरक्षा थ्रेट रहेको बताउँदै यसका लागि यहाँको समस्या पहिचान गरी समाधान गर्न तर्फसमेत ध्यान दिनुपर्ने बताए।

त्यस्तै उपप्रधान एवंम गृहमन्त्री लामिछानेले जनकपुरधाममा आरती साहका परिवारजन र मिटरब्याज पीडितहरूसँग छलफल गरेका छन्।

जनकपुरधाममा मधेश प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा सहभागी भएका गृहमन्त्री लामिछानेले आरती साह मृत्यु प्रकरणबारे अनुसन्धान तथा छानबिन थालिएको बताउँदै पीडित परिवारजनसंग भेटघाट गरेका छन्। सो क्रममा उनले मिटरब्याज पीडितसंगसमेत भेटघाट गरेका छन् ।

उपप्रधान एवं गृहमन्त्री लामिछानेको उपस्थितिमा भएको प्रदेश स्तरीय सुरक्षा गोष्ठीमा शान्ति सुरक्षा, अपराध नियन्त्रण, सुशासन, विपत् व्यवस्थापन, मिटर व्याजको समस्या सहितका विषयमा प्रदेशस्तरीय सुरक्षा बैठक समपन्न भएको छ।

'मधेस प्रदेशका सुरक्षा संवेदनशीलता, यहाँका मूलभूत समस्या र चुनौतीको पहिचान गर्न यो गोष्ठीलाई महत्वपूर्ण ठानेको छु ' उनले भने, अब प्रदेश तथा जिल्लास्तरीय सुरक्षा नेतृत्वले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरेर पहिचान भएका समस्या, लागुऔषध दुर्व्यसन नियन्त्रण, सवारी दुर्घटना न्यूनीकरण, अनुमति नलिइकन सञ्चालन गरेका र एउटा उद्देश्य लिएर अर्को काम गरेका सङ्घ, संस्था वा व्यवसाय तत्काल बन्द गराउन निर्देशन दिएको छु।'

सो बैठकमा ८ जिल्लाका सुरक्षानिकायका अधिकारी, प्रमुख जिल्ला अधिकारीहरुले जिल्लाको अवस्थाका विषयमा छुट्टा-छुट्टै प्रस्तुतिकरण गरेको मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन सचिव वीरेन्द्र कुमार यादवले जनाए।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा भएको प्रदेश सुरक्षा गोष्ठीमा मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव, गृह मन्त्रालयका सचिव एकनारायण अर्याल, अर्थमन्त्रालयका सचिव कृष्णहरि पुष्कर सहितको सहभागिता रहेको थियो।







# प्रतिपक्षको अवरोधपछि प्रतिनिधिसभा बैठक स्थगित

**काठमाण्डु ।** प्रतिनिधिसभाको बुधबारको बैठक सहकारीको रकम अनियमितताका विषयमा संसदीय छानबिन समिति गठनको माग गर्दै प्रतिपक्षी दलहरु नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरुले अवरोध गरेपछि स्थगन भएको छ ।

प्रतिपक्षी सांसदहरुले उक्त प्रकरणमा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले राजीनामा दिनुपर्ने र संसदस्यीय छानबिन समिति गठन गर्नुपर्ने माग गरेर आ-आफ्नो स्थानबाट उठेपछि सभामुख देवराज घिमिरेले उठेका विषयमा सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै बैठक सञ्चालनमा सघाउन आग्रह गर्नुभएको थियो । तर विपक्षी सांसद्ले बैठक चल्ने नदिने अडान लिएपछि सभामुख घिमिरेले बुधबारका लागि निर्धारित कार्यसूची हटाइ बैठक स्थगन गर्नुभयो । बैठकको प्रारम्भमै प्रतिपक्ष दलका सांसदहरुले उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेका कारण सहकारीपीडितले न्याय पाउन नसकेको आरोप लगाउनुभयो भने सत्तापक्षका सांसदहरुले बिना आधार व्यक्तिकेन्द्रित भएर प्रहार नगर्न आह्वान गर्नुभयो ।

कांग्रेसका सांसद रामहरि खतिवडाले गृहमन्त्री लामिछानेका कारण पोखराको सूर्यदर्शन सहकारीका पीडितलाई न्याय दिन र त्यसमाथि छानबिन गर्न बाधा उत्पन्न भएकोमा आशङ्का व्यक्त गर्नुभयो।

"काठमाडौँबाट नेपाल प्रहरीको सिआइबीले पोखरामा छानबिनका लागि दुई जना अधिकृतलाई पठाइयो । छानबिनले अहिलेका गृहमन्त्री सहकारी ठगीमा संलग्न भएको रिपोर्ट तयार गर्दै थियो समीकरण परिवर्तन भएपछि यो रिपोर्ट पनि परिवर्तन गर्न काममा लाग्यो भन्ने हामीलाई आभास भयो", सांसद खतिवडाले भन्नुभयो, "जसको बारेमा छानबिन हुँदै थियो उहाँनै त्यसै संस्थामा गृहमन्त्री भएर आउनुभएपछि छानबिन प्रक्रिया रोकियो र सहकारीपीडित झन पीडित हुने अवस्थामा गए भन्ने आशङ्का उत्पन्न भयो ।" दोषीलाई उम्काउने काम सरकारबाट भएको भन्दै छानबिन समिति गठन गर्न माग गरेको उहाँको भनाइ थियो ।



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद सूर्यबहादुर थापा क्षेत्रीले सहकारीको बचतकर्ताको बचत अपचलनको विषय ठगीको विषय भएको भन्दै बचतकर्ता नठगिने स्थितिको सुनिश्चितता सरकारले गर्नुपर्ने माग गर्नुभयो । उहाँले सूर्यदर्शन सहकारीको विषय अदालतमा विचाराधीन भएका कारण सदनमा बहस नगर्नसमेत सुझाव दिनुभयो । "सूर्यदर्शन सहकारसम्बन्धी यो विषय कास्की जिल्ला अदालतमा विचाराधीन छ । संविधानबमोजिम सदनमा अदालतमा विधाराधीन विषय बहसको विषय हुँदैन भन्ने कुरा थाहा छ । तर यो विषय थाहा पाएर पनि उठाइरहेका छौँ", उहाँले भन्नुभयो, "तर समस्यामा छलफल गरेर निष्कर्षमा पुग्नका लागि होइन । प्रतिपक्षको भूमिकामा हामीले यो विषय उठाएका थियौँ ।"

सांसद माधवप्रसाद सापकोटाले संसद्को बहसलाई राजनीतिक दलका नेता एवं सांसदहरुलाई आपसमा विवाद र आरोप लगाउनमा समय खेर फाल्न नहुनेभन्दै सचेत गराउनुभयो । "आज हामी जे गरिरहेका छौँ । आगामी पुस्ताले सकारात्मक रुपमा मूल्याङ्कन गर्नसक्ने गरी संसद्भित्रको अभयास र नजिर स्थापित गरिनुपर्छ", उहाँले भन्नुभयो । उहाँले रचनात्मक र सिर्जनात्मक रुपमा सदनमा प्रस्तुत हुदै सदनलाई बहसको थलो बनाउनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिस झाले सदनमा बिना आधार व्यक्ति केन्द्रित भएर प्रहार गर्न नहुने बताउनुभयो । "सदनको नियमावलीमा सदनमा कुनै व्यक्तिप्रति पटक-पटक निराधार लाञ्छना लाउन पाइदैन । कानुनले कुनै निर्णय दिइसकेको छैन सुरक्षा निकायले आफनो सूचना दिइसक्यो । देशको प्रधानमन्त्रीले सदनमा आफ्नो अभिव्यक्ति दिइसक्नुभयो", उहाँले भन्नुभयो, "चौकीमा गएर कसैले दिएको उजुरी जुन दर्ता भएको छैन । त्यसको आधारमा पटक-पटक कुनै व्यक्तिप्रति गरिएको प्रहारप्रति हाम्रो आपत्ति छ ।" उहाँले आफूहरु सुशासनको प्रत्याभूतिको लागि प्रतिबद्ध रहेको बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्रबहादुर शाहीले गृहमन्त्री लामिछानेले निशेधाज्ञा जारी गर्नु अभिव्यक्तिको स्वतन्त्रतामा प्रहार गरेको आरोप लगाउनुभयो । उहाँले मङ्गलबार राप्रपाको प्रदर्शनीमा आफ्ना कार्यकर्तामाथि गृहमन्त्रालयबाट ज्यादति भएको समेत आरोप लगाउनुभयो ।

"हामी शान्तिपूर्ण आन्दोलनमा विश्वास राख्छौँ । तर हिजो भएको प्रदर्शनीमा हाम्रो १८ जना कार्यकर्तामाथि सुरक्षाकर्मीको प्रहारले अस्पताल भर्ना हुनुभएकोछ", उहाँले भन्नुभयो ।रासस

# मच्छिन्द्रको संघर्षपूर्ण जित

**टुडे समाचारदाता**

सिमरा । विभागीय टोली त्रिभुवन आर्मी क्लब विरुद्ध संघर्षपूर्ण जित निकाल्दै मच्छिन्द्र क्लब जगदम्बा स्टिल १४ औं जितपुरसिमरा गोल्डकपको सेमी फाइनलमा प्रवेश गरेको छ ।

मंगलबार राति सिमरा रंगशालामा भएको प्रतिस्पर्धात्मक खेलमा आर्मी विरुद्ध मच्छिन्द्रले १-० को



संघर्षपूर्ण जित निकाल्दै सेमी फाइनल यात्रा तय गरेको छ । मच्छिन्द्रको जितमा खेलको ६९ औं मिनटमा शौरभ लिम्बुले एकमात्र निर्णायक गोल गरे । खेलको ६३ औं मिनटमा अभिषेक गुरुङको ठाउँमा मैदान प्रवेश गरेका लिम्बुले आर्मीका गोलरक्षक विकेश कुथुको गल्तीको फाइदा उठाउँदै सहजै गोल गरेका थिए । सेन्टर लाईनबाट बल अघि बढाएका विमल घर्तीमगरको पासमा सौरभ लिम्बुले डिबक्स बाहिरैबाट बललाई गोलपोष्टको दिशा दिएका थिए । मच्छिन्द्रको प्रयासलाई रोक्न डि-एरिया बाहिरै आइपुगेका आर्मीका गोलरक्षक कुथुलाई बिट गर्दै सौरभले गोल गरेका थिए ।

खेलको म्यान अफ दी म्याच मच्छिन्द्र फुटबल क्लबका मनिस डाँगी घोषित भए । उनले १० हजार नगद सहित ट्रफी प्राप्त गरे । बारागढी गाउँपालिकाका अध्यक्ष अशोक जयसवाल र शुभारम्भ कलेजका निर्देशक अनिल चौधरीले म्यान अफ दी म्याचको पुरस्कार प्रदान गरेका थिए ।

प्रतियोगिता अन्तर्गत बुधबार आयोजक नव जनजागृति युवा क्लब सिमरा र नेपाल प्रहरीको विभागीय टोली नेपाल पुलिस क्लबका बीच खेल हुनेछ ।

# चैते धानका लागि मल वितरण गरिने



**टुडे समाचारदाता**

वीरगञ्ज । चैते धान बालीको लागि डिएपी र युरिया मलको माग बढ्दै गएपछि कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेशनले बफर स्टक (संचित मौज्दात) को मल वितरण गर्ने भएको छ ।

वीरगन्जस्थित कम्पनी र कर्पोरेशनको मधेश प्रादेशिक कार्यालयहरुले दुई सातादेखि संचित मौज्दातको मल मातहतका जिल्लाहरुमा परिचालन गर्न थालेका छन् ।

सामान्यतया यी संस्थानले संचित मौज्दातको मल आपतकालीन अवस्थामा तथा नेपाल कृषि अनुसन्धान परिषद, बीजवृद्धि कार्यक्रम जस्ता सरकारी निकायहरुलाई आवश्यक परेको बेला वर्षैभरि उपलब्ध गराउन भण्डारण गर्दै आएका छन् । नियमित रुपमा भित्रिने मलको कूल परिमाणबाट १० प्रतिशत छुट्याएर संचित मौज्दात राख्ने चलन रहेको छ ।

तर यसपटक चैते धान बाली सिजनको माग नियमित आएको मलले पनि धान्न नसकेपछि संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र मधेश प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको निर्देशनपछि दुबै संस्थानले संचित मौज्दातको मल समेत परिचालन गरेका छन् ।

कम्पनी प्रादेशिक कार्यालय वीरगञ्जका प्रमुख दुर्गा प्रसाद पाण्डेले जनाएअनुसार प्रादेशिक कार्यालयसंग १ हजार ७ सय टन डिएपी र २ हजार ४ सय टन युरिया मल संचित मौज्दात रहेकोमा मातहतका १६ जिल्लाहरुमा यसै मौज्दातको मल परिचालन गरिने भएको छ । उनले सम्बन्धित जिल्लाहरुले प्राप्त गरेको कोटाकै आधारमा मल परिचालन भइरहेको बताए ।

कर्पोरेशन मधेश प्रादेशिक कार्यालय वीरगञ्जका सूचना अधिकृत संजय साहले यस कार्यालयमा ९ सय १७ मेट्रिक टन युरिया र ७ सय मेट्रिक टन डिएपी मलको मौज्दात रहेकोमा सोही मौज्दातबाट मातहतका ८ जिल्लाहरुमा मल परिचालन गरिने बताए ।

# स्वास्थ्य सेवा सबैको पहुँचमा पुऱ्याउन आवश्यकः राष्ट्रपति

**काठमाण्डु ।** राष्ट्रपति रामचन्द्र पौडेलले संविधानले प्रत्येक नागरिकको पहुँचमा आधारभूत स्वास्थ्य सेवा पुग्नेगरी व्यवस्था गर्नका लागि प्राथमिकता दिएको बताउँदै सो व्यवस्था कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभएको छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को ३३औँ वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकको १०औँ राष्ट्रिय शिखर सम्मेलनको शुभारम्भ गर्दै उहाँले आधारभूत स्वास्थ्य सेवा पूर्णतरुपमा निःशुल्क बनाउनुपर्ने आवश्यकता औल्याउनुभयो ।"संविधानले प्रत्येक नागरिकको पहुँचमा आधारभूत स्वास्थ्य सेवा पुग्नेगरीव्यवस्थागर्न,सेवालाईपूर्णतयानिःशुल्क बनाउन र सबैको समान पहुँच र हिस्सेदारी कायम गर्ने व्यवस्थालाई प्राथमिकता दिएको छ", उहाँले भन्नुभयो, "संविधानको यो व्यवस्थाको कार्यान्वयन गर्न सरकार गम्भीर भएर सोच्नुपर्छ ।"

उहाँले आधुनिक समयमा स्वास्थ्य क्षेत्रमा रहेका विभिन्न समस्याको पहिचान गर्न तथा ती समस्याको समाधानका लागि यस क्षेत्रमा निरन्तर अध्ययन, अनुसन्धान र विकास हुन पनि जरुरी छ भन्नुभयो । उहाँले बदलिँदो परिवेशअनुसार नसर्ने रोग, जलवायु परिर्वतन, सङ्क्रामक रोगइत्यादि मुद्दालाई विशेष प्राथमिकतामा राख्न सुझाव दिनुभयो । "यससम्बन्धी अध्ययन अनुसन्धानलाई आगामी दिनमा अझै सक्रिय भएर अगाडि बढ्नुपर्ने आजको आवश्यकतालाई ध्यान दिनुपर्छ । म स्वास्थ्य वैज्ञानिकलाई स्वास्थ्यमा सर्वव्यापी पहुँच सुनिश्चित गर्न, स्वास्थ्य तथा जनसंख्या




मन्त्रालयले अवलम्बन गर्ने नीति तथा रणनीतिलाई सघाउन तथ्यमा आधारित प्रमाण जुटाउने कार्यमा तदारुकताका साथ लाग्न आग्रह गर्दछु", उहाँले भन्नुभयो ।

राष्ट्रपति पौडेलले स्वास्थ्य क्षेत्रले विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दस्तावेजद्वारा निर्दिष्ट लक्ष्य तथा दिशाको आधारमा अवलम्बन गरेका स्वास्थ्य क्षेत्रका लक्ष्य प्राप्त गर्न, नेपाल सरकारले स्वास्थ्य अनुसन्धानमा लगानी बढाउन र नवप्रर्वतनलाई प्रोत्साहित गर्नु जरुरी रहेको उल्लेख गर्दै अनुसन्धानका निष्कर्षलाई व्यावहारिक समाधानमा रुपान्तरण गर्न शैक्षिक संस्था, उद्योग र सरकारबीचको सहकार्यलाई पनि बढावा दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले परिषद्ले नेपालमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ बारेमा विभिन्न वैज्ञानिक अध्ययन अनुसन्धान गरी यस महामारीको रोकथाम तथा नियन्त्रणमा खेलेको भूमिको प्रशंसासमेत गर्नुभयो । राष्ट्रपति पौडेलले भन्नुभयो, "स्वास्थ्य र जनसंख्या क्षेत्रमा देशभित्रै अधिकतम ज्ञान र सीपको अभिवृद्धि गर्न, यथेष्ट अध्ययन र अनुसन्धानको वातावरण तयार गर्न, प्रतिभा पलायन रोक्न तथा सार्वजनिक स्वास्थ्यमा आम जनताको पहुँच स्थापित गर्न सरकारले चाल्नुपर्ने कदमबारे यस शिखर सम्मेलनले समयसापेक्ष उपयुक्त सुझाव दिने छ भन्ने मैले आशा लिएको छु । हाम्रो स्वास्थ्य क्षेत्रलाई आधुनिक, विकसित, सहज एवम् सर्वसुलभ बनाउन स्पष्ट, वस्तुनिष्ठ र ठोस् राय सुझाव दिनेछ भन्ने पनि विश्वास लिएको छु ।"

'दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्वास्थ्य र जनसंख्यासम्बन्धी अनुसन्धान र नवप्रवर्तन', नारासहितको स्वास्थ्य तथा जनसङ्ख्या वैज्ञानिकको तीन दिने शिखर सम्मेलन आजदेखि सुरु भएको हो । उक्त सम्मेलनमा उपप्रधान एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले वैज्ञानिक अध्ययन अनुसन्धानबिना समृद्धि, विकास र समाजवादको कल्पना गर्न नसकिने बताउनुभयो । देश र समाज अनुकूल नीति निर्माणका लागि अनुसन्धानबाट प्राप्त तथ्य तथ्याङ्कको महत्वपूर्ण स्थान रहेको उहाँको भनाइ थियो ।

"स्वास्थ्य क्षेत्रमा तथ्यफरक नीति निर्माण गर्न र दिगो विकासको लक्ष्य हासिल गर्न अनुसन्धानको महत्वपूर्ण भूमिका हुन्छ । स्वास्थ्य अनुसन्धानले महत्वपूर्ण तथ्य प्रमाणका आधारमा विश्वव्यापी स्वास्थ्य चुनौतीको सामना गर्दै दिगो विकासका लक्ष्य प्राप्त गर्न हाम्रा प्रयासलाई मार्गदर्शन गर्दछ । स्वास्थ्य अनुसन्धानले हामीलाई उदयमान स्वास्थ्य क्षेत्रका नयाँ प्रविधि र समस्या पहिचान गरी समयमा सम्भावित विकल्पको आकलन गर्न सक्षम बनाउँछ", उहाँले भन्नुभयो, "अनुसन्धानले दिगो विकासको मूल सिद्धान्तअनुरुप स्वास्थ्य क्षेत्रमा विद्यमान असमानतालाई सम्बोधन गर्दै समताको प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्छ ।"

राष्ट्रिय योजना आयोगका सदस्य सचिव प्रा डा शिवराज अधिकारीले परिषद्ले स्थापनाकालदेखि स्वास्थ्य क्षेत्रमा हुने अनुसन्धानको नियमन, गुणस्तरीय अध्ययनको प्रोत्साहनका लागि वातावरण तयार पार्न र त्यसबाट प्राप्त तथ्य तथ्याङ्कका आधारमा स्वास्थ्यसम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा गर्न महत्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गर्नुभयो । उहाँले यस सम्मेलनले स्वास्थ्य क्षेत्रमा खोज अनुसन्धानलाई फरक तरिकाले अघि बढाउन सहयोग गर्ने विश्वाससमेत व्यक्त गर्नुभयो । मन्त्रालयमा सचिव डा रोशन पोखरेलले सम्मेलनले आगामी दिनमा नीति तथा योजना बनाउन सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

यस्तै परिषद्का अध्यक्ष प्रा डा गेहनाथ बरालले दिगो विकासको लक्ष्य प्राप्तिका लागि स्वास्थ्य क्षेत्रमा अनुसन्धानका प्राथमिकता र पूर्ण सङ्कल्प निर्माण गर्न सम्मेलनले मद्दत गर्ने बताउनुभयो । रासस

# आठ महिनामा ३७ करोड बराबरको अवैध सामान बरामद

**वीरगंज ।** पर्सा प्रहरीले चालु आर्थिक वर्षको साउनदेखि चैत २२ गतेसम्मको अवधिमा रु ३६ करोड ८४ लाख ८३ हजार दुई सय ६० मूल्य पर्ने अवैध सामान बरामद गरेको छ । प्रहरीको सक्रियताले पछिल्ला समय दिनहुँजसो भन्सार छली गरेका तथा बिलबिजकमा भन्दा धेरै सामान ल्याएको सामग्री नियन्त्रणमा लिने क्रम बढेको हो ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले भन्सार छली तथा चोरी पैठारी र बिलबिजकभन्दा धेरै सामान ल्याउनेविरुद्ध प्रहरीले कारबाही गरिरहेको बताउनुभयो। "नेपाल प्रहरीले एक सातामा भन्सार छली गेरेर ल्याएका करिब रु एक करोड मूल्य पर्ने सामान तथा वस्तु नियन्त्रणमा लिँदै आइरहेको छ", उहाँले भन्नुभयो, "चोरी/तस्करी गेरेर भित्र्याएको सामानलाई पक्राउ गेरेर वीरगञ्ज भन्सार कार्यालयलाई बुझाउने गर्छौं, बिलबिजकअनुसारको नभए राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाउने गरेका छौं ।"

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले खुला सीमाका कारण चोरी तस्करी सक्रिय भएको बताउनुभयो । "पर्सा जिल्लाको सिमाना भारतसँग एक सय ७० किलोमिटर जोडिएको छ", उहाँले भन्नुभयो, "चोरी तस्करी नियन्त्रण गर्न सबै निकायलाई निर्देशन दिँदै आइरहेको छु" ।चालु आवको चैत २२ गतेसम्मको अवधिमा राजस्व अनुसन्धान कार्यालय पथलैयामा रु ३१ करोड ८९ लाख ७३ हजार मूल्य पर्ने सामान बुझाएको छ । त्यस्तै भन्सार कार्यालय वीरगञ्जलाई रु चार करोड ९५ लाख नौ हजार दुई सय ७३ मूल्य पर्ने सामान बरामद गरी बुझाएको छ ।

प्रहरीले अघिल्लो आव २०७९/८० मा रु ४८ करोड नौ लाख ६४ हजार छ सय ४६ मूल्य पर्ने वस्तु तथा सामान बरामद गरेको थियो । जसमा किरानाको सामान रु आठ करोड तीन लाख पाँच हजार नौ सय ७५ मूल्य बराबरको थियो । त्यसैगरी विद्युतीय सामग्री रु एक करोड ८० लाख मूल्य बराबरको थियो ।

त्यसैगरी अघिल्लो आवमै सवारीसाधनको पार्टपुर्जा सम्बन्धि रु १५ करोड ५८ लाख ७७ हजारको बरामद गरेको जिल्ला प्रहरीको तथ्याङ्कमा उल्लेख छ । लत्ताकपडा रु २२ करोड ३५ लाख ६६ हजार मूल्य बराबरको बरामद गरेको र गत आवमा चोरी तस्करीमा संलग्न १५ अभियुक्तलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । प्रहरीले गत आवमा ९५ वटा सवारीसाधन नियन्त्रणमा लिएको थियो ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




महोत्तरी जिल्लाको सदरमुकाम **जलेश्वर नगरपालिका** १ मा अवस्थित वरुण सरोवरको बुधबार बिहान देखिएको दृश्य। तस्बिर : रासस

# मुस्लिम बस्तीमा 'ईद'को चहलपहल

**टुडे समाचारदाता**

महोत्तरी । हिजरी संवत्को रमदान (रमजान) महिना समापन भइरहँदा देशका अन्य भागका साथै महोत्तरीका मुस्लिम बसोबास बाहुल्य भएका बस्तीमा 'ईद'को चहलपहल सुरु भएको छ।



रमदानभरि रोजा (व्रत, उपवास) बसेका मुस्लिम धर्मावलम्बी शव्वाल महिनाको पहिलो तारिखमै मनाइने ईद-उल-फित्र (बोलीचालीमा ईद)को तयारीमा लागेपछि आज मुस्लिम बाहुल्य बस्तीमा रौनक बढेको हो। हिजरी संवत्को पात्रोअनुसार रमदान आज सकिएर भोलि बिहीबार शव्वाल महिना सुरु हुँदैछ । शव्वालको पहिलो दिन ईद मनाइन्छ।

इस्लाम (मुस्लिम) परम्पराको मुख्य पर्व ईद मनाउन टाढाटाढा रहेका परिवारजन घर आएका छन् । विहिबार मनाइने ईदका लागि सर्दाम जुटाउन लागिएको मटिहानी-८ नुरी बस्तीका २५ वर्षीय मोहम्मद इसराफिल राइनले बताए । हिजरी संवत्को पात्रोले आज रमदान सकिने उल्लेख गरे पनि इस्लाम परम्परामा सम्बन्धित क्षेत्रका अधिकारप्राप्त इमाम (धर्मगुरु)ले भरे साँझ द्वितीयाको चन्द्रमा देखिएको घोषणा गरेपछिमात्र विहिबार ईद मनाउन बाटो खुल्ने भङ्गाहा-४ रामनगरका ५० वर्षीय सहबुल अन्सारीले राससलाई बताए।

इस्लाम परम्परामा चन्द्रमास (इस्लामिक पात्रोअनुसार) तालिकाअनुसार पात्रो बन्ने चलन छ। यसैले हिजरी संवत्का महिना सामान्यतया चन्द्रमा देखिने शुक्लपक्षको द्वितीया तिथिबाट सुरु हुन्छन् ।इमामहरूका अनुसार हिजरी संवत् परम्परामा रमदान नवौं महिना हो । इस्लाम परम्परामा यसै महिनामा पवित्र कुरान पृथ्वीमा अवतरित भएको मानिन्छ । त्यसैले मुस्लिमहरू रमदान महिनामा दिनभरि केही नखाइ उपवास बसेर सद्विचार, सद् आचरण र सत्कर्ममा लागि रहन अल्लाह (ईश्वर) सँग पुकारा गर्छन्।

रमदान महिनाभरिको रोजा (उपवास)को उत्सवमय समापन नै ईद भएको पाका इस्लाम धर्मावलम्बी बताउँछन् । ईदमा हुनेखानेले गरिबका लागि दान गर्छन् । दान जसलाई इस्लाम परम्पराले 'जकात' भन्छ, यो इस्लाम हुनुको कर्तव्य मानिने रामगोपालपुर-२ का महम्मद कादिर हुसैन बताउछन्। "इस्लामका पाँच आधारस्तम्भ सहादा (मुस्लिमपन्थको स्वीकारोक्ति), नमाज (प्रार्थना), रोजा (रमदान महिनाको उपवास), जकात (आफ्नो कमाइबाट गरिबलाई दिन छुट्याइने रकम) र हज (मक्काको तीर्थयात्रा) हुन्", हुसैन भन्छन्, "मक्का जाने कुरा आर्थिक अवस्थासँग जोडिने हुँदा स्वेच्छिक देखिन्छ, तर अन्य चार सबै मुसलमानका लागि अनिवार्य छन्।"

अहिले रमदान समापन हुन लागेका बेला प्रत्येक बस्तीमा कुरान वाचन भइरहको छ। महोत्तरीका सबैजसो बस्तीमा धेरथोर इस्लाम धर्मावलम्बी छन्। जिल्लाका सम्सी, जलेश्वर, मटिहानी, लोहारपट्टी, भङ्गाहा र बलवासहितका स्थानीय तहका धेरै बस्ती मुस्लिम बसोबास बाहुल्य छन् । ईदको चहलपहल सबैतिर भए पनि इस्लाम धर्मावलम्बी बसोबास बाहुल्यताका बस्ती अहिले ईदमय बनेका देखिदा छन्।

# हरिवन बजारमा 'वाटर डिस्पेन्सर' जडान

**टुडे समाचारदाता**

मलंगवा ।सर्लाहीको हरिवन बजार क्षेत्रमा 'वाटर डिस्पेन्सर' जडान गरिएको छ। बुधबार हरिवन नगरपालिका-११, बजार क्षेत्र र वडा नं ९, नयाँरोड चोकमा निःशुल्क पिउने पानी सुविधाका लागि आधुनिक 'वाटर डिस्पेन्सर' जडान गरिएको हो।



उद्योग वाणिज्य सङ्घ हरिवनको पहल तथा विभिन्न दाताको सहयोगमा पिउने पानीको मेसिन जडान गरिएको छ।

'वाटर डिस्पेन्सर' जडानपछि बजार आउने-जाने नागरिकले निःशुल्क स्वच्छ पानी पिउन पाउने भएको छ।

हाललाई हरिवन बजार क्षेत्रमा दुई थान र नयाँरोड चोकमा एक थान मेसिन जडान गरिएको हो। 'वाटर डिस्पेन्सर'बाट चिसो-तातो पानी निकालेर जो कसैले सजिलै पिउन सक्ने छ। यस क्षेत्रका सार्वजनिक ट्यूवेलहरु खडेरीका कारण सुक्ने भएकाले बोतलको पानी किनेर पिउनुपर्ने बाध्यता थियो। अब पानी पिउनुपर्दा पैसा नभएर काकाकुल हुनु नपर्ने सङ्घका सदस्य युवराज भण्डारीले बताए।

उक्त वाटर डिस्पेन्सर खरिदका लागि देश तथा विदेशबाट सहयोग प्राप्त भएको उनले जानकारी दिए।

तीन थान मेसिन रु एक लाख ३० हजारमा खरिद गरिएको थियो। तत्कालका लागि एक थान मेसिन सञ्चालनको जिम्मा हरिवनमा रहेको चण्डेश्वरी डिपार्टमेन्टल स्टोर्स र दुई थान प्रभु बैङ्क हरिवन शाखाले लिएको सङ्घका अध्यक्ष पोतेले जानकारी दिए। उनका अनुसार हरिवन खानेपानी र बृहत् खानेपानी बागमतीले निःशुल्क खानेपानी लाइन जडान गरिदिएका छन्।

मेसिनको औपचारिक कार्यक्रमबीच आज उद्घाटन गरिएको छ। नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल)को प्रमुख आतिथ्यतामा मेसिनको उद्घाटन गरिएको हो।

कार्यक्रममा नगरकी उपप्रमुख हरिमाया घलान, इलाका प्रशासन कार्यालयका प्रमुख राजकुमार थापा, वडाध्यक्षहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिलगायतको उपस्थिति थियो।

# वन डढेलो सङ्कट घोषणा गर्न माग

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल वन प्राविधिक सङ्घ (एनएफए) ले वन ढडेलो सङ्कट घोषणा गर्न सरकार समक्ष माग गरेको छ।

बुधबार प्रेस विज्ञप्ति जारी गर्दै बढ्दो वन डढेलो नियन्त्रणका लागि सङ्कटकाल घोषणा गर्न माग गरेको हो । महासङ्घका अध्यक्ष राकेश कर्णले वन डढेलोका कारण देशव्यापी रुपमा प्रभाव परेको, वातावरणीय प्रदूषण बढिरहेकोले वनलाई डढेलोबाट जोगाउन आवश्यक रहेको बताएका छन्।

"वन डढेलोको कारण वनविनास भएको छ, बस्ती जोगाउनै मुस्किल भएको छ", उनले भने, "वन डढेलो नियन्त्रणका लागि आधुनिक प्रविधि जुटाउन र सङ्कट घोषण गर्न आवश्यक छ।" उनले वन डढेलो नियन्त्रणको क्रममा मृत्यु हुने नेपाली सेनाका जवान प्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शिघ्र स्वास्थ्य लाभको कामना गरे।

प्राकृतिक स्रोत संरक्षण कार्य चुनौतीपूर्ण रहेको डोल्पाको घटनाले प्रष्ट पारेको उनको भनाइ छ। कर्णाली प्रदेशको डोल्पा जिल्ला ठूलीभेरि नगरपालिका बडा नं ३ र ४, तिन्नाको मस्टा भवानी सामुदायिक वनमा लागेको वन डढेलो नियन्त्रण गर्ने क्रममा मंगलबार डोल्पास्थित देवीदत्त गुल्ममा कार्यरत ३८ वर्षिय जमदार केशवबहादुर जागा मगर, सिपाहीहरु २२ वर्षिय हेमन्त रावत र ३८ वर्षिय आशिष बुढाको मृत्यु भएको थियो।

# राष्ट्रिय हित संरक्षणमा नेपाली सेनाको योगदान महत्वपूर्णः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कुनै पनि सङ्कटको बेलामा राष्ट्रिय स्वार्थ र राष्ट्रिय हितहरूको संरक्षणमा नेपाली सेनाले महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभएको छ।

बुधबार नेपाल सैनिक प्रतिष्ठान खरिपाटीमा आयोजित स्नातक अधिकृत क्याडेट तालिमको आयुक्त पद प्रदान कार्यक्रममा उहाँले देशभित्र विपद् व्यवस्थापन, पर्यावरण संरक्षण, विकास निर्माणका कामदेखि सङ्कटका बेलामा राष्ट्रिय स्वार्थ र हितको संरक्षणमा नेपाली सेनाले महत्वपूर्ण योगदान पुऱ्याएको बाउनुभयो।



विश्वमाझ शान्ति सैनिकको देशका रूपमा नेपाललाई परिचित गराउन नेपाली सेनाले ठूलो योगदान रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "विशिष्ट साङ्गठनिक क्षमताका आधारमा नेपाली शान्ति सैनिकले विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकमा शान्तिदूतका रूपमा खटिएर विश्वशान्ति स्थापनार्थ महत्वपूर्ण योगदान गरेका छन्।"

विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकमा नेपाली सेनाले शान्तिदूतका रूपमा खटिएर विश्वशान्ति स्थापनार्थ पुऱ्याएको योगदानले नेपाललाई 'शान्ति सैनिकको देश' को रूपमा विश्वसामु परिचित गराएको उहाँले बताउनुभयो। प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "सन् २०२२ नोभेम्बर ३० बाट शान्ति सैनिक खटाउने राष्ट्रको सूचीमा नेपालले पहिलो स्थान हासिल गर्न सफल हुनुलाई शान्ति स्थापना कार्यमा थप महत्वपूर्ण कोशेढुङ्गाको रूपमा लिएका छौं।"

आफ्नो जिम्मेवारीलाई उत्कृष्ट र व्यावसायिक ढङ्गबाट पूरा गर्न सफल हुँदै बहुआयामिक, सबल तथा सक्षम सङ्गठनको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत स्थापित नेपाली सेनाको योगदानलाई सदैव स्मरण गर्नुपर्ने उहाँले बताउनुभयो । नेपालका सामु बहुआयामिक द्वन्द्व, जलवायु परिवर्तनका असर तथा विभिन्न महामारी जस्ता जटिल सुरक्षा चुनौती र विपद्का जोखिम रहेको चर्चा गर्दै प्रधानमन्त्री दाहालले राष्ट्र र नागरिकको सुरक्षामा सम्भावित चुनौतीको पूर्वानुमान गर्न सक्ने तथा राष्ट्रिय चुनौतीको सही आकलन गरी सम्भावित खतराबाट देशलाई सुरक्षित राख्ने कार्यको नेतृत्व सेनाले गर्दै आएको बताउनुभयो।

सुरक्षा र विकास एकअर्काका परिपूरक भएको भन्दै उहाँले समुन्नतिको राष्ट्रिय अभिलाषा पूरा गर्न प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्ने अपरिहार्यतालाई नेपाली सेनाले पूरा गर्दै आएको उहाँले चर्चा गर्नुभयो। प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "बहुध्रुवमा विभक्त अन्तर र्राष्ट्रिय परिवेशको प्रत्यक्ष वा अप्रत्यक्ष असर राष्ट्रिय सुरक्षामा समेत परिरहेको परिस्थितिमा नेपाली सेनाले राष्ट्रिय हित तथा स्वार्थहरूको संरक्षण र सम्वर्द्धन गर्न समयसापेक्ष सुरक्षा नीतिका आधारमा अर्थपूर्ण परिणाम हासिल गर्न सक्ने विश्वास लिएको छु।"

उहाँले अहिले विक्षार्थीको संख्या बढ्दै गए पनि तालिम इलाका सीमित रहेकाले पनौतीमा यसको उपकेन्द्र निर्माण गर्ने सङ्गठनको प्रस्तावमा सरकारले आवश्यक सहयोग गर्ने बताउनुभयो । सङ्गठनको अधिकृतको रूपमा आयुक्त भई राष्ट्र र राष्ट्रवासीको सेवामा तल्लीन रहन नवआयुक्त अधिकृतलाई सदासर्वदा ऊर्जा र हौसला प्राप्त होस् भन्दै उहाँले शुभकामना व्यक्त गर्नुभयो।

अधिकृत क्याडेट तालिममा सर्वोत्कृष्ठ हुने सिस ६१ का दीपेन्द्र कडायत, महिलातर्फ दीपा घिमिरे, उत्कृष्ट हुनेहरु सिंस. ५१ का विवेक अधिकारी र मिनिष खड्का, अन्तराष्ट्रियतर्फ बङ्गलादेशका सेपुर रहमान खानलाई प्रधानमन्त्री दाहालले पुरस्कार प्रदान गर्नुभयो।

अहिलेसम्म २४ जना विदेशीले अधिकृत क्याडेट तालिम लिइसकेकोमा बङ्गलादेश, माल्दिभ्स र जाम्भियाका एक एक जनाले तालिम पूरा गर्नुभएको छ।

कार्यक्रममा नेपाली सेनाले कवाज प्रदर्शन गर्नुका साथै युद्धकला प्रदर्शन गरेका थिए । कार्यक्रममा रक्षामन्त्री हरिप्रसाद उप्रेती, नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मा विभिन्न निकायका विशिष्ट व्यक्तिको सहभागिता रहेको थियो ।रासस


**मानव कल्याण समाज नेपाल**

**मिथिला बिहारी न.पा. ८, कचुरी**

**धनुषा (नेपाल)**

**आवश्यकता**

मानब कल्याण समाज नेपाल (HWSN) धनुषाले ईन ईलम परियोजना अन्तर्गत हेल्भेटास नेपालको सहयोगमा धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपालिकामा जिवन स्तर सुधार तथा सामाजिक सशक्तिकरण Livelihood Empowerment Access Pilotiong (Leap) परियोजना सञ्चालन गर्न गइरहेकोले त्यसका लागि निम्नांकित कर्मचारीहरुको आवश्यक्ता भएकोले सो पदपुर्तिका लागि उल्लेखित पद अनुसार ईच्छुक नेपाली योग्य उम्मेदवारहरुबाट २०८०/१२/२६ गते पहिलो पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तल उल्लेखित ठेगानामा दरखास्त दिन आव्हान गरिन्छ। उम्मेदवारले निवेदनसँगै आफ्नो वायोडाटा, नागरिकता, शैक्षिक योग्यता तथा कार्य अनुभव लगायतका प्रमाण पत्रको प्रतिलिपिहरु पेश गर्नुपर्ने छ।

| क्र.स. | पद | संख्या | न्यूनतम योग्यता | बान्छनीय योग्यता |
|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक (Program Coordinator) | १ | स्नातकोतर उतिर्ण (Bachelor/Master's degree with 3 years experiences in related subject Social, Science, Education and other relevant subject/ Bachelor degree with 5 Years experiences) | • जिविकोपार्जन तथा सामाजिक सशक्तिकरण क्षेत्रमा कम्तिमा ५ वर्ष काम गरेको।<br>• फिल्ड स्तरमा भएका कार्यक्रमहरुको अनुगमन, सुपरिबेक्षण तथा मुल्यांकन गर्न सक्ने।<br>• जिल्ला स्तरका सरोकारवालाहरु तथा सम्बन्धित साझेदार संस्थाहरुसंग नियमित रुपमा सम्पर्क समन्वय र सहकार्य गर्न सक्ने।<br>• नेपाली र अंग्रेजी भाषामा प्रतिबेदन लेख्न तथा बोल्न सक्ने दक्षता भएको।<br>• परियोजनालाई राम्ररी ब्यबस्थापन तथा परिचालन गर्न सक्ने दक्षता भएको।<br>• अन्तरबैयक्तिक कला र सहजीकरण सिप भएका तथा तनावमा पनि काम गर्न सक्ने दक्षता भएको।<br>• जिल्लाको सामाजिक, आर्थिक, एंव संस्कृतिक विषयहरुमा राम्रो ज्ञान भएको।<br>• कम्प्यूटरमा राम्रो दक्षता भएको।<br>• स्थानियलाई विशेष ग्राहता दिईने छ। |
| २ | लेखा अधिकृत Account officer | १ | स्नातक उतिर्ण (Bachelor degree in related subject, Finance Account) | • लेखा पदमा काम गरी लेखा सम्बन्धि कार्य अनुभव कम्तिमा २ वर्ष भएको।<br>• फिल्ड स्तरमा भएका कार्यक्रमहरुको लेखा संग सम्बन्धित गतिविधिको अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकन गर्न सक्ने।<br>• कार्यक्रमको लेखा प्रतिवेदन तोकेको समय सिमा भित्र समयमा तयारी गरी सम्बन्धित निकायमा पठाउने।<br>• कम्प्यूटरमा राम्रो दक्षता भएको। |
| ३ | समाजिक परिचालक (Social Mobilizer) | १ | कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण Intermediate in any relevant subjects | • गैर सरकारी संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव<br>• स्थानीय समुदाय तथा समुहहरुसंग काम गरेको अनुभव<br>• जिविकोपार्जन तथा सामाजिक क्षेत्रमा काम गरेकोलई प्राथमिकता<br>• उम्मेदवारको आफ्नो साधनको व्यवस्था तथा सवारी चालक अनुमति पत्र भएको हुनु पर्ने। |

**तलब सुबिधा** - संस्थाको नियामानुसार

**नोट** :

(क) स्थानीय/सम्वन्धित गाविसका दलित, जनजाति , मधेशी, मुस्लिम तथा महिलालई बढि ग्राहयता दिईने छ।


(ख) प्रारम्भिक छनौटमा परेका उम्मेदवारलाई मात्र सम्पर्क गरिने छ।

**आवेदन दिने ठेगाना** -

**E-mail:- mkalyansamaj@gmail.com**

**मानव कल्याण समाज नेपाल (HWSN)**

**थापा चौक, जनकपुर**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सुराकीले बदनाम गरायो

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले कार्यविधि बनाएर हुँदै नभएको सुराकीको नाममा भत्ता लिने मार्ग खोल्यो । गृहमन्त्री, गृह राज्यमन्त्री र गृह सचिवले सुराकी गराएको नाममा झण्डै पौने दुई करोड रुपैयाँ बुझेका छन् । उनीहरुले बुझेको रकम कार्यविधि अनुसार भएको बताइन्छ । कानुनी रुपमा सुराकी भत्ता लिनु गलत नभएको मन्त्रालयका मन्त्री, राज्यमन्त्री र सचिवहरुले तर्क गरिरहेका छन् । तर त्यस भन्दा महत्वपूर्ण विषय प्रयोजनको हो । कानुनै बनाएर भए पनि कुन प्रयोजनका लागि रकम लिएको अथवा खर्च गरिएको त्यो सर्वाधिक महत्वपूर्ण विषय हो । कानुन बनाएर लिएको सुराकी भत्ताको बचाउ कानुनले गर्ने होला ? तर त्यो भत्ता लिनु उचित , अनुचित के हो ? भन्ने स्वयंले निर्णय लिन सक्नु पर्ने विषय हो । मधेश प्रदेश बाहेक अन्य कुनै प्रदेशमा यस प्रकारको कानुन अथवा कार्यविधि बनाइएको छैन । कुनै प्रदेशका गृहमन्त्री, गृह राज्यमन्त्री अथवा गृह सचिवले यस प्रकारको भत्ता लिएका छैनन् । मधेश प्रदेश स्थापनादेखि नै गृहमन्त्री, गृह राज्यमन्त्री र गृह सचिवले सुराकी गराएको नाममा लाखौ रुपैयाँ भत्ता बुझेका छन् । प्रदेशको पहिलो गृहमन्त्री बनेका ज्ञानेन्द्र कुमार यादवले झण्डै ६० लाख रुपैयाँ भत्ता वापत बुझेका छन् । राज्यमन्त्री र सचिवले पनि लाखौ रकम भत्ता लिएका छन् । उनीहरुले कसका लागि सुराकी गराए अथवा स्वयंले सुराकी गरे ? त्यसको पुष्ट्याइ हुने कागजातहरु पेश गर्न सकेका छैनन् । सुराकी गराउने काम सुरक्षा निकाय, राष्ट्रिय अनुसन्धान परिषद लगायतका निकायहरुले गर्छन् । त्यसका लागि कर्मचारीहरु नै नियुक्त भएका हुनछन् । मन्त्री, राज्यमन्त्री अथवा सचिवले सुराकीको नाममा भत्ता बुझ्ने काम त सोह्रै आना अनैतिक हो । प्रदेशको पहिलो गृहमन्त्री, राज्यमन्त्री र सचिवले लिने गरेको सुराकी भत्तालाई सबै मन्त्री, राज्यमन्त्री र सचिवले निरन्तरता दिएका हुन् । उनीहरुले पनि गलत कार्यको विरोध नगरी खुरुखुरु भत्ता लिएका छन् । भत्ता लिनेमा माओवादी, एमाले पनि पछि परेको छैनन् । कांग्रेसका मन्त्रीले पनि भत्ता छाडेका छैनन् । तर अख्तियारले अनुसन्धान गर्न थालेको बताइन्छ । हुनत भत्ता बुझेका मुख्यमन्त्री सरोज कुमार यादवले रकम फिर्ता गरिसकेका छन् । नेपाली कांग्रेसबाट गृह मन्त्री बनेका समिम मियाँ अन्सारीले पनि बुझेको भत्ता वापतको सम्पूर्ण रकम फिर्ता गरेका छन् । अरुहरुले पनि फिर्ता गरेर नाक जोगाउन राम्रै हुने थियो ।

# अति उत्साह र सीमित विश्वासको भ्रमण



श्रीमन नारायण

उप-प्रधान एंव परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको हालै सम्पन्न नौ दिने औपचारिक चीन भ्रमणले दुबै देशका सत्ताधारी दलवीचको सम्बन्धलाई थप प्रगाढ बनाउने निश्चित छ । भ्रमणका क्रममा उनले नेपाल-चीन विकास करिडोरको प्रस्ताव गरेका छन् । नेपाल-तिब्बत-छोङछोङ-सिचुवानवीच विकास करिडोर बनाउने प्रस्ताव सर्वथा नयाँ हो । उत्तरी छिमेकी चीनले यसमा सकारात्मक प्रतिक्रिया जनाएको छ । सहमति र सम्झौता मात्रै हुनु ठुलो कुरा होईन । कार्यान्वयन पक्ष महत्वपुर्ण मानिन्छ ।

उत्तरी छिमेकी चीनसित ब्यापार, पारवहन, आर्थिक निकासका क्षेत्रमा विगतमा पनि अनेकौ सम्झौता भएका छन तर ति सबै धरातलमा उत्रिएको देखिएन । आक्रोशमा, भावावेसमा र उत्साहमा गरिने सन्धि-सम्झौताहरु दीर्घकालीन रुपमा प्रात्युत्तपादक सावित हुने गर्दछ । उपप्रधान एंव परराष्ट्रमन्त्री श्रेष्ठको चीन भ्रमणमा नेपाल र चीनविच सन्धी-सम्झौताहरु हुने अनुमान पनि थिएन र भरसक भएको छैन । उत्तरी छिमेकी चीनले नेपालको विकासमा सहयोग गर्ने आश्वासन अवश्य पनि दिएको छ । यस्ता आश्वासनहरु विगतमा पनि न दिईएका होईन् तर त्यसले मूर्तरुप लिन सकेन । यद्यपि उपप्राधानमन्त्री श्रेष्ठले आफ्नो चीन भ्रमणलाई सकारात्मक मानेका छन्, तथा प्रस्तावित आर्थिक करिडोरले नेपालको आर्थिक समृद्धिमा योगदान गर्ने विश्वास ब्यक्त गरेका छन् तर हामी नेपाली त यसको कार्यान्वय भएपछि मात्रै उपलब्धिको रुपमा परिभाषित गर्नेछौं ।

विगतमा तत्कालिन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको समयमा दुई देशबिच हिमालय सीमापार बहुआयामिक कनेक्टिभिटी नेटवर्क अन्तर्गत सहकार्य गर्ने ढाँचामा सहमति भएको थियो तर त्यो पनि अहिलेसम्म कार्यान्वयनमा आएको छैन। नेपाल र चीनवीच तीन अन्तरराष्ट्रिय, तीन ब्यापारिक र १४ परम्परागत नाकाहरु मध्ये परम्परागत नाका खोल्ने निर्णय भएको छ । वि.स.२०७२ सालमा आएको भुकम्पका कारण क्षतीग्रस्त उत्तरी सीमानाकाहरु लामो समय सम्म चीनद्धारा बन्द गरिएको थियो । पछि कोभिड-१९ को संक्रमणको नाममा चीनले आफ्नो नाका खोल्न मानेको थिएन। नेपालका सरकारहरुको पटक-पटकको आग्रह र अनेकौ प्रतिबद्धता पश्चात मात्रै चिनद्धारा विगत केही महिना यता देखि रसुवागढी-केरुङ्ग, तातोपानी, झ्याङक् यारी-पुरान, नेचुङ्ग-लिची(कोरला) नाका खुला गरिएका छन् । परम्परागत नाका सन्चालनमा आएपछि चीन सीमानजिक बसोबास गर्ने नेपालीहरुको दैनिक जिवन तथा ब्यापार ब्यवसाय सहज हुने अपेक्षा गर्न सकिन्छ ।

६ वर्ष अघि नेपाल र चीनवीच यातायात तथा पारवहन सम्झौताको कार्यविधी(प्रोटोकोल) तयार भएपछि नेपाललाई तेस्रो देशसंग ब्यापार गर्न चीनको बन्दरगाहसम्म सहज रुपमा पहुँच प्राप्त हुने अपेक्षा गरिएको थियो ।सहमति अनुसार चीनले तीनवटा सुक्खा बन्दरगाह र सिगात्से, ल्हासा, लान्चाओ र चाखरा सामुद्रिक बन्दरगाह र त्यान्जेन, सेन्जेन, ल्यान्योङहाङ र झाङ चियायोङ) उपलब्ध गराउने भएकोछ । तिनको प्रयोगका लागि रसुवाको रसुवागढी, सिन्धुपाल्चोकको कोदारी, संखुवासभाको किमाँथाका, मुस्ताङ्गको, नेचुङ्ग, हुम्लाको यारी ताप्लेजुङ्गको ओलाङचुङगोला प्रयोग गर्न सक्ने नाका हुन् ।

वि.स.२०७२ सालमा मधेसी दलहरुले दक्षिणी सीमा नाकामा अवरोध पुर्याएपछि भारतसित आयात-निर्यात प्रभावित भएको अवस्थामा तत्कालिन प्रधानमन्त्री के.पी.शर्मा ओलीले भारतसितको ब्यापारिक निर्भरतालाई कम गर्न विकल्पको रुपमा उत्तरी छिमेकी चीनसित कतिपय सम्झौताहरु गरेका थिए । त्यस सम्झौता अन्तरगत नै चीनले नेपालालई तीनवटा सुक्खा बन्दरगाह र चारवटा सामुद्रिक बन्दरगाह उपलब्ध गराउने गरी सम्झौता भएको थियो ।



उक्त सम्झौता भएको ८ वर्ष पछि पारवहन सम्झौताको कार्यविधी तयार भएको थियो । कार्यविधी तयार भएको झण्डै ८ वर्ष पटि पनि यो कार्यान्वयनमा आएको छैन ।

सैद्धान्तिक र मनोबैज्ञानिक रुपमा यो सम्झौता जति महत्वपुर्ण देखिन्छ, ब्यवहारमा भने उतिनै बास्तविक बनाउन सजिलो छैन । उत्तरतिर पारवहन सुविधालिन चार हजार किलो मिटर बढी दुरी पार गर्नुपर्छ । जवकी हाल भारतसित सात/आठ सय किलोमिटर दुरी तय गरी तेस्रो मुलुकबाट सामान ढुवानी सस्तो हुँदै आएको छ । चीनबाट सामान ल्याउँदा सामुद्रिक मार्ग छोटो र स्थलमार्ग लामो दुरीको पार गर्नुपर्छ । हाल नेपालले चीनसितको दुईपक्षीय ब्यापारमा ठुलो आयतनको ब्यापार घाटा भोग्दै आएको छ । लामो दुरीबाट सामान ढुवानी गर्दा खर्च बढी लागी सामान महँगो हुन जान्छ । यसले ब्यापार घाटा झन बुद्धि हुनेछ । नेपालले चीनसंग सीमा जोडिएका नाकासम्मको सहज यातायात सन्चालनको ब्यवस्था राम्ररी गर्न सकेको छैन । वि.स.२०७२ सालमा नै नेकपा एमाले नेतृत्वको सरकारले चीनसित भएको ब्यापार तथा पारवहन सम्झौतालाई ऐतिहासिक उपलब्धिको रुपमा परिभाषित गरेको थियो । झण्डै आठ वर्षसम्म उत्तरी नाकाहरु राम्ररी सुचारु नै भएन । कथमकदाचित त्यस सम्झौताप्रति नेपाल मात्रै निर्भर रहेको भए के हुने थियो । उग्र राष्ट्रवादको नारा दिएर आफ्ना कार्यकर्ता र मतदाताको विश्वास जित्न यस्ता सम्झौताहरु सहयोगी सावित हुन सक्दछन तर यसबाट आमजनता र देशलाई लाभ भईरहेको हुँदैन । उप-प्रधान श्रेष्ठको चीन भ्रमणमा पनि केवल परम्परागत नाका सुचारु गर्ने कुरा मात्रै भएको छ । अन्तरर्राषिट्रय नाका खोल्ने विषयमा उत्तरी छिमेकीले केही पनि बोलेको छैन ।

उप-प्रधानमन्त्री श्रेष्ठले चीन भ्रमण गर्न चाहने नेपालीहरुलाई पनि निःशुल्क भिसा उपलब्ध गराउन आग्रह गरेको बताएका हुन् । चीन भरसक सकारात्मक संकेत पनि दिएको छ तर चीनले आफ्नो आवश्यकता, सुरक्षा चासो र लाभ-न्हानीको हिसाब गरेर नै यसमा निर्णय लिनेछ । हामीलाई चीनबाट प्रशंसा बटुल्नु थियो, त्यसकारण के.पी.शर्मा ओली नेतृत्वको एमाले सरकारले सन् २०१८ देखि चिनियाँ पर्यटकहरुलाई निःशुल्क भिसा उपलब्ध गराउँदै आएको छ । उत्तरी छिमेकी चीनको निमति नेपाल कुनै पनि अर्थमा प्राथमिक्ता भित्र पर्दैन, न आर्थिक, न रणनीतिक न राजनीतिक लाभ हानीको दृष्टिकोणले नै ।

केरुङ्ग-काठमाण्डौ रेलमार्ग निर्माणको विषयले पनि कम चर्चा पाएको होईन तर नेपालमा रेल गुडाउने विषयमा तीनवटा समस्या रहेको विषयमा चीन पनि सहमत नै रहेको हुन सक्दछ । तिब्बती उच्च सतहबाट काठमाण्डौ कम उचाईमा रेल आउँदा त्यसको गति नियन्त्रण गर्न पहिलो समस्या हुनेछ । दोश्रो, रेल सेवालाई केरुङ्ग- काठमाण्डौ सम्म र त्यहाँबाट पोखरा र लुम्बिनी पुऱ्याउँदा निकै कठिन भुगोल छिचोल्नु पर्दछ । यस्तो भुगोलमा रेलवेलाई लगानी अपेक्षा गरे भन्दा धेरै हुन्छ । तेस्रो, अत्यन्त ठुलो लगानीमा निर्माण भइसकेपछि उक्त रेल सेवामा लगानीको तुलनामा उपभोक्ता कम भएमा र रेलसेवाले सङ्कलन गर्ने शुल्क कम भएङ्गा यसको दीर्घकालिन असर पर्छ । यस विषयमा नेपाली पक्षको प्रतिबद्धता र ऐक्यबद्धता चीनलाई चाहिएको हुन सक्दछ । हामीले चीनमा दिनहुँ के निर्यात गर्ने, हाम्रो उत्पादन चिनिया बजारमा प्रतिस्पर्धा गर्न सक्ने-नसक्ने र नेपालीहरु चीन किन जाने ? लगायतका विषयमा पनि हामीले विचार गर्नुपर्नेछ । नेपालले आफ्नो उद्यम उत्पादन, गुणस्तर र बाह्य बजार पाउन सक्ने क्षमता नै बढाएसम्म यस्ता सम्झौताहरुबाट नेपाललाई लाभ हुन गईरहेको छैन ।

नेपालका काठमाण्डौ र पोखरा तथा चीनका विभिन्न शहरविच थप उडानका कुरा, सिमा क्षेत्रका नेपालीहरुलाई तिब्बतमा चरण भुमी प्रयोग गर्न दिने कुरा, सीमावर्ति क्षेत्रमा चीनले विद्युतीकरण गरिदिने कुरा झिना-मसिना विषय हुन् । यसलाई उपलब्धिमुलक मान्न सकिदैन । पोखरा अन्तरराष्ट्रिय विमान स्थलको निर्माणका लागि चीनले दिएको ऋणलाई अनुदानमा पारित गरीदिने, चीनले नेपालमा सन्चालन गर्न बिआरआई अन्तरगतका परियोजनाहरु ऋण होईन अनुदानमा मात्रै सन्चालन गरिदिने कुरा र नेपाली युवाहरुलाई चीनका विभिन्न शहरहरुमा जागिर दिने जस्ता विषयमा उत्तरी छिमेकीबाट आस्वासन प्राप्त भएको देखिएन । लगानी सम्मेलनमा चिनियाहरुको प्रतिबद्धता हेर्न बाकी छ। समग्रमा उप-प्रधानमन्त्री एवम परराष्ट्रमन्त्रीको चिन भ्रमण औपचारिक्ता मै सिमीत रहयो ।

# मोदीराज्यमा परिवर्तीत विदेश निति ‘भूतो-नभबिष्यती’



अनिल तिवारी

राजनीतिमा एक दिनलाई पनि लामो समय लिने गरिन्छ । तर विदेश नीतिको कुरा गर्ने हो भने, एक दशकलाई गंभीर मूल्यांकनको रुपले पर्याप्त मानिदैन । जबकि ,बितेको भारतीय बिदेशनीतिको एक दशक यो सम्बन्धमा अपवाद जस्तै रहेको छ । साउथ एशियाकै परिपेक्ष्यमा कुरा गर्ने हो भने, वैश्विक राजनीतिमा आएका परिवर्तनका प्रकृति त खासै छैन ,यसका दायराले पनि व्यापकता लिएको छ ।

यसका साथै भारतीय विदेश नीतिमा महत्वपुर्ण परिवर्तन आउनु स्वाभाविक नै हो । मोतीकालमा भारतीय विदेश नीतिमा ठुलो फडको मारेको छ । वैश्विक समय र समीकरणहरुका साथै प्रधानमंत्री नरेंद्र मोदीको व्यक्तिगत सहभागीता र सक्रियताले पनि ठुलो छाप छोडेको छ ।

स्मरण गर्न सकिन्छ,जुन समयमा मोदी (सन् २०१४मा) सत्ताको नेतृत्व लिएका थिए । त्यसबेला उनीसंग बिदेश नितिको खासै अनुभव नभएको हल्ला चलाइएको थियो ।

‘हिंदू राष्ट्रवादी नेता’भन्दै उनको छविलाई दर्शाउदै कांग्रेसाइ लगायत बिपक्षी गठबन्धन दलता नेताहरुले मुख्य रुपमा इस्लामी मुलुकहरुसंग भारतको सम्बन्ध खराब हुने दाबी गर्दै हिडेका थिए ।

तर भारतीय प्रधानमन्त्री मोदीले ‘इंडिया फस्ट’ को मंत्रणालाई केंन्द्रिकृत गर्दै पहिला छिमेकि मुलुकहरुबाट व्यावहारिक विदेश नीतिलाई अगाडि बढाए । जसअनुसार सबै बिरोधी र समर्थक दुबैलाईसंगसगै आश्चर्य चकित बनाउन सफल भए । बितेको एक दशकमा उनी भारतीय विदेश नीतिलाई यसतो रुपदिन सफल भए , जसको बारेमा ‘भूतो, नभबिष्यती’ कसैले कल्पना पनि गर्नसकेको थिएन ।

प्रधानमन्त्री मोदीको नेतृत्वमा सबै भन्दा ठुलो परिवर्तन आएको छ । जसले गर्दा वैश्विक मन्चमा ठुलो भूमिकानिर्वाह गर्नुका साथै भारत रूल मेकरको रुपमा आगाडि आउने दिल्लीको आकांक्षा लगातार मजबूत हुदै गएको छ ।

**नेतृत्वदायी रुपमा अगाडि बढिरहेको भारतीय विदेश निति**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतको विदेश नितिमा ठुलो परिवर्तन आउनुका साथै वैश्विक स्तरमा सम्वेदनशिल समयहरुमा पनि भारतको भूमिका रूल मेकरको रुपमा अगाडि बढदै गएको छ । ‘रुस-युक्रेन’ युद्धहोस वा ‘इजरायल-हमास’ बिचको लडाइ लगायतका सबै समयमा भारतीय विदेश निति भारतीयहितका साथ दृढताले आगाडि बढेको छ । भारतको अध्यक्षतामा भएको जि २४ को बैठकमा कुनै घोषणापत्र पारित नै नहुने विपक्षी गठबन्धन दलका नेताहरुले चलाएको हल्लालाई समेत पर्रास्त गर्दै नया दिल्ली जी २४ लीडर्स घोषणा पत्र माथी सहभागी सबै देशको सहमति पनि देखियो । प्रधानमंत्री नरेंद्र मोदीले आफै उक्त घोषणा पत्रलाई जारी गर्दै भनेका थिए , ‘हाम्रो टीमको हार्डवर्क र तपाइहरु (सहभागी सबै राजनेता तथा जनप्रतिनिधिहरुको )सहयोगमा नया दिल्ली जी २४ लीडर्स घोषणा पत्र माथि सहमति भएको हो ।’

सभामा प्रधामन्त्री मोदीले भने,‘मेरो यो प्रस्ताव छ कि ,यो लीडर्स डिक्लेरेशनको सबैले एडा‘प्ट पनि गरुन,म यो डिक्लेरेशनलाई एडा‘प्ट गर्न घोषणा गर्दछु ।’

तिब्ररुपमा परिवर्तीत वैश्वीक कुटनितिलाई भारतीय परिपेक्ष्यमा ढाल्नुका साथै नया दिल्ली कुटनैतिक चाहनालाई लगातार दरिलो बनाउने तर्फ भारतीय विदेश मन्त्रालय अगाडि बढेको छ । जसले गर्दा वैश्विक राजनिति पटलमा मोदीको कूटनीतिले भारतीय आकांक्षाहरुलाई नया उच्चाइमा पुर्याएको छ ।

परिणामस्वरुप दशक अगाडिसम्म वैश्विक स्तरको भूमिकालाई वेवास्ता गर्दै जसोतसो चलिरहेको भारतीय विदेश नितिमा आमूलपरिवर्तन आएको हो ।जुन ग्लोबल गवर्नेंसमा योग्यदान पुर्याउन नेतृत्वदायी भूमिकामा छ । केहि समय अगाडि सोमालिया नजिकै समुन्द्री डाकुहरुको नियन्त्रण फसेको कमर्शियल जहाज छुड़ाउन भारतीय नौसेनाको अभियान यसको ज्वलन्त उदाहरण पनि हो ।

मोदी सरकारले, यो दशकमा घरेलू र विदेशी बिचको कृत्रिम विभाजन सबै समाप्त परेको छ । भारतको मुख्य प्राथमिकता घरेलू मोर्चामा आधारित विकासबाट नै कायापलट पार्ने अबिरल प्रयास देखिन्छ ।

भारतीय कूटनीति पनि विकास सम्बन्धि राष्ट्रीय चाहनाहरुलाई पूर्ति गर्ने एउटा साधनको रुप्मा नै संचालित देखिन्छ । यसलाई अन्तर्राष्ट्रिय कुटनितिक पटलमा राख्ने गरिएको छ ।जसअनुसार एक खास व्यावहारिकतालाई सार्थक पुर्याउने काम मोदी राज्यको विदेश नितिले गरको छ । मोदी सरकार विचारधारा भन्दा पनि भागीदारीलाई महत्वपूर्ण भूमिको रुपमा अगाडि बढाएको देखिन्छ ।

मुख्यरुपमा मादीविदेश नितिको अग्नीपरिक्षामा सफल भएको तब देखियो , जब ‘रसिया-यूक्रेन’ युद्धमा भारत पश्चिमी मुलुकसंगको सम्बन्धलाई सुमधुर राख्दै रूससंगको आफ्नो विशिष्ट सम्बन्धलाई कायम राख्न सफल देखियो ।

**मोदीको अभियान चीन माथी ध्यान**

बितेको दशकमा सबै भन्दा ठुलो परिवर्तन खास रुपमा देखिएको छ । पाकिस्तानसंग मात्र अल्झिनु भन्दा पनि भारत बंगालको खाड़ीको समुद्री भूगोलमा बढी जोड दिइएको छ । जसले गर्दा दक्षिण र दक्षिण पूर्वएशिया बिचको सम्पर्कलाई बलियो बनाउने उसको लक्ष्य अगाडि बढेको देखिन्छ । जसलाई भारतीय विशलेषकहरु ठुलो उपलब्धिको रुपमा लिएका छन । भारतले पाकिस्तान भन्दा पनि आफ्नो महत्वपूर्ण रणनीतिक चुनौतीको रुपमा रहेको चीन माथि ध्यान केंन्द्रित गर्न सजिलो बनाउदै अगाडि बढेको हो ।

गलवान घाटीमा भएको चिनसंगको भिडन्त पछि भारतीय धारणालाई स्पष्ट पार्दै सीमामा स्थिती सामान्य नभएसम्म,दुबै देशबिचको सम्बन्ध पनि सामान्य नहुने चिनलाई कडा सन्देश दिएको देखिन्छ । चिनसंग भारत इतिहासमै पहिलो पटक यति कडा रुपमा आगाडि बढेको हो । जसभन्दा अहिलेसम्म पछाडि हटेको पनि देखिदैन । पुर्व र दक्षिण पुर्व एशियामा भारतको बढदै गएको उपस्थिती तथा हिन्दप्रशान्त क्षेत्रको सामरिक समीकरणलाई आकार दिन भारतले देखाएको चासो , भारतीय चाहनाको वास्तविकतालाई संकेत पनि हो । किनकि भारत अब आफ्नो लागी ठुलो वैश्विक र क्षेत्रीयभूमिका सुनिश्चित गर्न लागी दिएको सन्देश पनि हो ।

गएको केहि बर्षमा भारतबिरोधी चुनौती दिन र वैचारिक पृष्ठभूमिको चिन्तालाई बिना नै केहि छिमेकिहरुलाई दिगभ्रमित बनाउन चिन सफल देखिएको छ । शी जिनफिंगको बेल्ट एन्ड रोड इनीशिएटिवद्धारा सन २०१४ देखि भारतको विरोध गर्ने तथा सैन्य आक्रामकताको शैलीलाई अगाडि बढाएको छ ।चिन पाकिस्तान,श्रीलंका,नेपाल र मालदिवस जस्ता छिमेकी भूमिलाई भारतको बिरोधमा प्रयोग गर्न उद्धत देखिन्छ ।तर चिनको वेल्ट एन्ड रोड इनिसिएटिभ अर्थात बिआरआई छिमेकिको विकास भन्दा चिनेको ऋणजाल भएको प्रमाणि भएको छ ।कुनै पनि औपचारिक गठबंधन भन्दा पनि अमेरिका अहिले भारतसंगको मित्रतालाई गुणात्मक रुपमा स्थापित गर्न आगाडि बढको छ ।यसका साथै यूरोपीय मुलुकहरुको सहयोगमा आफ्नो घरेलू क्षमता बढ़ाउदै भारतले अहिलेको आर्थिक गतिमा गजबले अगाडि बढेको व्यावहारिकता देखाएको छ ।

विगतमा विभिन्न सिद्धान्तमा अल्झिएको भारत हिजो आज विश्व मंचमा एक जिम्मेदार स्टेक होल्डरको रुपमा उभिएको कुरालाई नकार्न सकिदैन । कोरोनाको महामारीमा वैक्सीन मैत्री पहलद्धारा छिमेकि देखि पुरै पुरै विश्वमा नयाभूमिका र आत्मविश्वास साथ उभिएको झलक झल्को अहिले पनि सम्झन सकिन्छ । भारत अहिले सबैखाले वैश्विक समस्याहरुलाई हल गर्न अगाडि आउनुका साथै कतिपय विषयमा नेतृत्वदायी भूमिका समेत निर्वाह गरेको छ ।

नेतृत्वहीनताको गतिमा गतिशिल वैश्वीक समाजको कतिपय संकटको घडीमा मोदीको नेतृत्वदाइ व्यत्तित्वले अन्तर्रराष्ट्रीय स्तरमा भारतको पहिचान र छाप स्थापित गर्दै अगाडि बढको छ । जसको मुख्य उदाहरण भारतले जि २४को अध्यक्षता पनि एक हो ।

**वैदेशिक महत्वाकांक्षी उदेश्य**

पुरै विश्वमा राजनीतिको ठुलो उथल पुथल चलिरहेको छ । कोरोनाको माहामारीसंगै आर्थिक मन्दीले गर्दा जनमानसमा निरासा बढदो छ । त्यसलगतै रसिया र इजरायल जस्ता शक्तिसम्पन्न मुलुकहरु युद्धमा होमिनु विश्वशान्ति माथिको ठुलो चुनौति पनि हो । बर्तमान चुनौतीपूर्ण समयमा मोदीले भारतलाई एक अतुलनिय र विशेष आवाज दिएका छन । अहिले कुनै पनि अन्य शक्तिशालि मुलुकका जनता भन्दा भारतीय युवाहरु पनि भविष्यलाई महत्वाकांक्षी रुपमा देखि रहेका छन । जसको चाहना मोदी राज्यमा मात्र सम्भव भएको हो । यो कुरा पनि भारतको वैदेशिक सम्बन्धमा तय गरिएको अहम निर्वाहले नै हो । मोदीको नेतृत्वले त्यो अहम भावना बुझनुका साथै उसको प्रभावी प्रयोगलाई पनि सार्थक बनाएको छ । मोदी भित्रको आत्मबल राजनैतिक खुबिले पनि यो राष्ट्रिय र अर्न्राष्ट्रीय आकांक्षालाई आफ्नो विदेश नीतिमा लागु गर्दै आन्तर्राष्ट्रिय छविलाई स्थापित गर्न सफल भएको देखिन्छ ।



# दिर्घकालीन असर पर्ने निर्णय नगर्न मुख्यमन्त्रीलाई सर्वोच्चको आदेश

**टुडे समाचारदाता**

काठमाण्डु।सर्वोच्चअदालतले गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीलाई दीर्घकालीन असर पर्ने निर्णय नगर्न अन्तरिम आदेश गरेको छ। न्यायाधीश विनोद शर्माको एकल इजलासले बुधबार निवेदनको टुङ्गो नलाग्दासम्म दीर्घकालीन असरपर्ने प्रकृतिका निर्णय नगर्न अन्तरिम आदेश गरेको हो।



"नेपालको संविधानको धारा १८६ को अवस्थामा मात्र निर्णायक मत दिन सक्नेमा निजको सङ्ख्यासमेत गणना गरी मुख्यमन्त्री पदमा गरिएको दावीको आधारमा प्रत्यर्थी खगराज अधिकारीलाई नियुक्त गरिएको छ", आदेशमा भनिएको छ, "संवैधानिक व्याख्याको प्रश्न, संसदीय अभ्यास, यस अदालतबाट स्थापित सिद्धान्तलगायतका विषयमा निरुपण हुन आवश्यक देखिएकाले तर सरकारको शून्यताको अवस्था सिर्जना हुन दिनसमेत नमिल्ने हुँदा प्रदेश सरकारका नियमित कार्य सञ्चालनबाहेक प्रत्यर्थी खगराज अधिकारीको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदन पत्र टुङ्गो नलाग्दासम्म दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्नु नगराउनु।"

अदालतले उक्त विवादको छिटो निरुपण गर्न आगामी वैशाख १० गतेका लागि अग्राधिकार दिएर सुनुवाइ गर्ने मिति समेत तय गरेको छ।

गण्डकी प्रदेशमा नेपाली कांग्रेसका संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री सुरेन्द्र पाण्डेले मङ्गलबार मुख्यमन्त्री अधिकारीले सभामुखलाई समेत जोडेर बहुमत बनाउनु असंवैधानिक भएको भन्दै रिट निवेदन दायर गरेका थिए। रिट निवेदनमा यही चैत २५ गते अधिकारीले जालझेल गरी दूषित तवरले दाबी पत्र पेश गर्नुभएको र अधिकारीलाई मुख्यमन्त्रीका रुपमा कामकारबाही गर्न नदिने आदेशको माग गरिएको थियो।

रिट निवेदनमा सभामुख तटस्थ व्यक्ति भएकाले कुनै पनि दलका लागि बहुमत पुर्‍याउन नमिल्ने जिकिर गरिएको थियो। यसअघि, कोशी प्रदेशमा नेकपा (एमाले) ले नेपाली कांग्रेसविरुद्ध सोही आधारको रिट निवेदनमा सर्वोच्च अदालतले सभामुखको मत जोड्न नपाउने आदेश गरेको थियो।

# सहिदहरुको सम्मान हुन नसकेको देउवाको भनाई

**टुडे समाचारदाता**

लुम्बिनी। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले देश र जनताका लागि काम गर्ने क्रममा सहादत प्राप्त गरेका सहिदहरुको सम्मान हुन नसकेको बताएका छन्।

सभापति देउवाले रुपन्देहीको तिलोत्तमा नगरपालिका-१३ टिकुलीगढमा निर्माण गरिएको सहिद यादवनाथ आलोकको पूर्णकदको सालिकको बुधबार अनावरण गर्दै सहिदहरु कुनै पार्टीको नभई देश र जनताको हुने भएकाले उहाँहरुको सबैले सम्मान गर्नुपर्ने बताए। सभापति देउवाले सहिदको सपना पूरा गर्नु पनि दलहरुको कर्तव्य भएको उल्लेख गरे। उनले यादवनाथ आलोकको सपना पूरा गरेरै छाडने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा नेकपा (एमाले) का पोलिटब्युरो सदस्य तथा लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री लिला गिरीले यादवनाथ आलोकले पुर्‍याएको योगदानको चर्चा गरे। सहिद यादवनाथ आलोक स्मृति अध्ययन केन्द्रका अध्यक्ष हेमराज अर्यालको अध्यक्षतामा भएको सो कार्यक्रममा सहिद पत्नी सीतालक्ष्मी न्यौपानेले आलोकले अगाडि सार्नुभएका चाहना र आङ्क्षाक्षा पूरा गर्न नेपाली कांग्रेसलाई आग्रह गरे।

यसअघि सभापति देउवा नेपाली कांग्रेस रुपन्देही क्षेत्र नं ३ क्षेत्रीय कार्यसमितिद्वारा भैरहवामा आयोजित नयाँ वर्ष २०८१ को शुभकामना आदानप्रदान तथा भेटघाट कार्यक्रममा सहभागी भएका थिए।

# मुख्यमन्त्री कँडेलद्वारा शपथ ग्रहण

**कर्णाली** । कर्णाली प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री यामलाल कँडेलले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ। कर्णाली प्रदेशका प्रदेश प्रमुख तिलक परियारसमक्ष मुख्यमन्त्री कँडेलले बुधबार शपथ ग्रहण गनुभएको हो।



प्रदेश प्रमुख परियारले नेपालको संविधानको धारा १७२ बमोजिम मुख्यमन्त्री कँडेललाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो। उहाँ नेकपा (एमाले)सहित नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी)को समर्थनमा मङ्गलबार मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो। मुख्यमन्त्री कँडेलले बुधबार पदबहाली गर्नुभएको छ।

मुख्यमन्त्री कँडेलको जीवनी

विसं.२०७४ को प्रदेशसभा निर्वाचनमा एमाले प्रदेशसभाको पहिलो पार्टी भए पनि उहाँ मुख्यमन्त्री बन्न पाउनुभएन। माओवादी केन्द्रसँग भएको पार्टी एकताका कारण उहाँले नेकपा (माओवादी केन्द्र)का प्रदेशसभा दलका नेता महेन्द्रबहादुर शाहीलाई मुख्यमन्त्रीका लागि समर्थन गर्नु परेको थियो।

यसपटकको निर्वाचनमा एमाले तेस्रो ठूलो दलमा सीमित भयो र माओवादी ठूलो पार्टी बन्यो। विसं.२०७९ मा पनि केन्द्रमा नेकपा (एमाले) र माओवादी केन्द्रबीचको राष्ट्रिय समीकरण हुँदा कर्णाली प्रदेशमा पाँच वर्ष नै माओवादी केन्द्रलाई नै दिने निर्णय भएपछि कँडेल मुख्यमन्त्री हुन पाउनुभएन। उक्त निर्णयमा उहाँले असन्तुष्टि जनाउनुभयो। फलस्वरुप माओवादी केन्द्र र एमालेबीच पाँच वर्षे कार्यकाल आधा-आधा बाँड्न सहमति भयो।

सोही सहमतिका आधारमा माओवादी केन्द्रबाट राजकुमार शर्मा मुख्यमन्त्री बन्नुभयो। तर उहाँ मुख्यमन्त्री भएको ७५ दिनपछि एमालेसँगको समीकरण टुट्यो। माओवादी केन्द्रसँग साढे दुई वर्षपछि मुख्यमन्त्री बन्ने सहमति गर्नुभएका कँडेललाई केन्द्रमा छिटो छिटो सत्ता समीकरण परिवर्तन हुँदा एक वर्षमै मुख्यमन्त्री बन्ने अवसर प्राप्त भएको हो।

विसं.२०१८ कात्तिक २५ गते भाइटिकाको दिन दैलेखको गाईबान्ना (हालको गुराँस गाउँपालिका दैलेखको मध्यमवर्गीय परिवारमा जन्मनुभएका कँडेल हाल वीरेन्द्रनगर नगरपालिका ४ सुर्खेत भैरवस्थान निवासी हुनुहुन्छ। बुबा मनिराम र स्वर्गीय आमा भागिरथी कँडेलका माइलो छोरा हुनुहुन्छ। उहाँका एक पत्नी र तीन छोरीहरु छन्।

मुख्यमन्त्री कँडेलले त्रिभुवन विश्वविद्यालयबाटवाणिज्यशास्त्रमा स्नातकोत्तर र शिक्षाशास्त्रमा स्नातक गर्नुभएको छ। आफ्नो निर्णय र वचनप्रति प्रतिबद्ध कँडेल हक्की स्वभावका मानिनुहुन्छ। प्रष्ट र खरो विचार एवं धारणा प्रकट गर्ने भएकाले उहाँलाई एमाले पार्टी राजनीतिमा विद्रोही स्वभावले चिन्ने गरिन्छ।

विसं.२०३६ सालमा सुर्खेतको दशरथपुरमा पञ्चायती शासकविरुद्ध किसान आन्दोलन गर्नुभएका कँडेलले त्यसैको प्रेरणाबाट राजनीति जीवनमा सक्रिय हुनुभएको थियो। त्यतिबेला उहाँ हालको शिखर मावि रामघाट सुर्खेतमा शिक्षण पेशामा संलग्न हुनुहुन्थ्यो।

विसं.२०३९-०४३ सालसम्म अनेरास्वियूको प्रारम्भिक कमिटीबाट विद्यार्थी राजनीति शुरु गर्नुभएका उहाँ महेन्द्र बहुमुखी क्याम्पसको प्राकको सदस्य, सचिव, अञ्चल कमिटी सदस्य, अञ्चल कमिटी सचिव हुँदै केन्द्रीय कमिटी सदस्य बन्नुभएको थियो। विसं.२०४१ सालमा शान्ति सुरक्षा मुद्दामा काठमाडौंमा नौ महिना जेलजीवन बिताएपछि उहाँ विसं २०४३ देखि २०४६ सम्म नेकपा (एमाले) काठमाडौंको विद्यार्थी फाँटको काममा सक्रिय कमिटी सदस्य हुँदै कार्यवाहक सचिवसम्म जिम्मेवारी जिम्मेवारी सम्हाल्नुभयो।

विसं २०४९ सालमा नेकपा (एमाले) सुर्खेतको प्रथम जिल्ला अधिवेशनबाट सचिवमा निर्वाचित हुनुभएका उहाँ प्रजातन्त्र स्थापनापछि २०४९ सालमा वीरेन्द्रनगर नगरपालिकाको पहिलो नगर प्रमुखमा निर्वाचित हुनुभएको थियो। विसं २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा सुर्खेत क्षेत्र नं २ वाट प्रतिनिधिसभा सदस्य निर्वाचित उहाँ २०५२ सालमा एमालेको भेरी अञ्चल सचिव हुनुभयो। उहाँ २०५४ सालमा पर्यटन, संस्कृति तथा नागरिक उडड्यन मन्त्री बन्नुभयो।

त्यसैगरी, उहाँ २०७४ सालमा सुर्खेत प्रदेशसभा निर्वाचन २ (क) बाट कर्णाली प्रदेशसभा सदस्यमा निर्वाचित एवं प्रदेशसभामा प्रमुख प्रतिपक्ष दलको नेता, २०७८ मा चितवनमा सम्पन्न नेकपा (एमाले) पार्टीको दशौं महाधिवेशनपछि पार्टीको स्थायी कमिटी सदस्य तथा कर्णाली प्रदेशको इन्चार्जको भूमिका र हाल स्थायी कमिटी सदस्य तथा दैलेख जिल्ला इन्चार्ज हुनुहुन्छ। विसं.२०७९ सालमा सुर्खेत निर्वाचन क्षेत्र नं.२ प्रदेशसभा सदस्य निर्वाचन (क) बाट पुनः कर्णाली प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको हो।रासस

# 'अर्थतन्त्र सुधारका लागि निजी क्षेत्रसँग समन्वय र सहकार्य जरुरी'

**काठमाण्डु** । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निजी क्षेत्र मुलुकको अर्थतन्त्रको मुख्य संवाहक रहेको र आर्थिक विकासका लागि सरकारले निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरिरहेको बताउनुभएको छ।



बुधबार आयोजित नेपाल उद्योग वाणिज्य महासङ्घको ५८औँ वार्षिक साधारणासभा एवम् उद्योग वाणिज्य दिवस २०८० का अवसरमा प्रधानमन्त्री दाहालले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्दै आएको निजी क्षेत्रले अर्थतन्त्रलाई सङ्कटबाट मुक्त गर्दै विकासको लक्ष्य हासिल गर्न सरकारसँग मिलेर काम गर्ने सङ्कल्पका लागि आह्वान गर्नुभयो। लगानीमैत्री वातावरण निर्माणका लागि सरकार प्रतिबद्ध रहेको पनि उहाँले बताउनुभयो। राज्य र निजी क्षेत्रबीच सहकार्यका आधारहरु समृद्धि र विकासको राष्ट्रिय आकांक्षा प्राप्त गर्न सरकार दृढ रहेको प्रधानमन्त्री दाहालको भनाइ थियो।

त्यस्तै, लगानी बढाउन र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान गर्ने निजी क्षेत्रले देशमा उत्पादन बढाउनुका साथै आवश्यक वस्तु तथा सेवाको आपूर्तिका क्षेत्रमा अग्रणी भूमिका खेल्दै आएको उहाँले बताउनुभयो। तीनवटै तहका सरकारले नीति निर्माणमा निजी क्षेत्रसँग सहकार्य गर्दै आएको पनि प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो।नेपालले सन् २०२६ भित्रमा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नेगरी अघि बढिरहेकोमा सबै क्षेत्रको सहकार्यमा द्रुत र सन्तुलित विकासका लागि सरकार केन्द्रित भइरहेको पनि उहाँले बताउनुभयो।

मुलुकको विकास आकांक्षा पूर्ति गर्नका लागि सरकार र निजी क्षेत्र दुवै क्षेत्रबाट हुने लगानी बढाउन आवश्यक रहेको प्रधानमन्त्री दाहालले बताउनुभयो। आगामी वैशाखमा हुने लगानी सम्मेलन आयोजना गर्ने तयारी सरकारले गरिरहेकोमा सम्मेलनलाई अधिकतम प्रभावकारी र परिणाममुखी बनाउन सरकार ठोस् तयारीसहित अगाडि बढिरहेको पनि दाहालले बताउनुभयो।

"देशमा लगानीको वातावरण निर्माण गरी लगानी भित्र्याउन हाम्रा नीति, सोच, संरचना र कार्यशैलीमा धेरै सीमा छन्। त्यसलाई सम्बोधन गर्न सरकारले आवश्यक परे अध्यादेश नै ल्याएर भए पनि लगानी भित्र्याउन प्रतिकुल देखिएका ऐन संशोधन गरी लगानीका लागि सरलीकृत नीति र प्रक्रियाको तयारी गरिरहेको छ। यसले लगानीका नयाँ क्षेत्र पहिचानसँगै लगानी भित्र्याउन सहयोग गर्ने अपेक्षा हामीले गरेका छौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो।

पछिल्लो समय मुलुकको अर्थतन्त्रमा सुधार देखिँदै गएको र त्यसको गति विस्तारै बढ्दै जानेमा प्रधानमन्त्री दाहालले विश्वास व्यक्त गर्नुभयो। "अर्थतन्त्रका आन्तरिक र बाह्य सूचक सकारात्मक बन्दै गएका छन्। वित्त नीति र मौद्रिक नीतिबीच तादम्यता, घट्दो ब्याजदर एवम् अर्थतन्त्र चलायमान बनाउन चालिएको केही कदमका कारण पर्यटक आगमन बढेको, विदेशी मुद्राको सञ्चिति, विप्रेषणलगायत सूचक सकारात्मक बन्दै गएका छन्", प्रधानमन्त्री दाहालले भन्नुभयो, "अर्थतन्त्रका आधारभूत सूचक सकारात्मक हुँदै जानु पक्कैपनि हामी सबैलाई लागि खुसीको कुरा हो। यद्यपि राष्ट्रिय आकांक्षा र आवश्यकताअनुरुप अर्थतन्त्रले अपेक्षित गति लिन भने अझै सकेको छैन।"

पूर्वप्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले स्वदेशमा उद्योगधन्दा बढ्दा रोजगारी पनि बढ्ने भएकाले औद्योगीकरणको आवश्यकता औँल्याउनुभयो। रोजगारी बढेपछि बजार माग बढ्ने र खपत पनि बढ्ने उहाँले उल्लेख गर्नुभयो। त्यस्तै, अर्थतन्त्रका संरचनागत समस्याको पहिचान गरिनुपर्नेमा उहाँले जोड दिनुभयो।

"अहिलेका समस्या राम्ररी केलाउन गहन छलफल र विचार विमर्श गरिनुपर्छ। हालसम्म गरिएका कामको समीक्षा गर्दै त्रुटी सच्याउँदै जानुपर्छ", अध्यक्ष नेपालले भन्नुभयो। सुशासन कायम गर्नका लागि केही समस्या विद्यमान रहेको बताउनुहुँदै पूर्वप्रधानमन्त्री नेपालले कुनै व्यक्तिले उद्योग सञ्चालन गर्न खोज्दा पालिकाको अध्यक्षले दुःख दिएको र प्रहरी प्रशासनले दुःख दिएको भनेर आफूकहाँ गुनासो आएको समेत उल्लेख गर्नुभयो।

नेपालमा प्रशासन चुस्त हुन नसक्दा लगानी सहज रुपमा आउन नसकेको भन्दै उहाँले लगानीर्तालाई सहजीकरणका लागि सरकारले सञ्चालनमा ल्याएको एकलबिन्दु सेवा केन्द्रको प्रभावकारिता बढाउन आग्रह गर्नुभयो।

अर्थमन्त्री वर्षमान पुनले सस्तो लोकप्रियता र कसैको लाभका लागि आगामी आर्थिक वर्षको बजेट र आर्थिक ऐनमा वित्तीय अनुशासन नमिचिने जिकिर गर्नुभयो। "हामी अहिले सस्तो लोकप्रियताको कुरा गर्ने र ताली खाने अवस्थामा छैनौँ। करका दायरा हेरफेर हुँदा त्यसको कारणको पुष्ट्याइसहित आउँछ। व्यक्तिगत र संस्थागत रुपमा कसैलाई लाभ पुग्नेगरी करका दर हेरफेर हुने छैनन्। निजी क्षेत्रले सामूहिक रुपमा केही माग लिएर आए सम्बोधन गर्न सरकार तयार छ", अर्थमन्त्री पुनले भन्नुभयो।

कुनै उद्योगी, व्यावसायिक घराना र व्यक्तिलाई सहयोग पुग्ने गरी बजेटबाट कर नीतिमा केही संशोधन नहुने अर्थमन्त्री पुनको भनाइ थियो। केही समयअघि अर्थतन्त्रमा नकारात्मक परिदृष्य देखिएकोमा अहिले लय पक्रिएको भए पनि सुधार भयो भन्दैमा हौसिएर धेरै चिज गर्नसक्ने अवस्थामा सरकार नरहेको उहाँले स्पष्ट पार्नुभयो। अर्थतन्त्रमा देखिएका समस्याको समाधान खोज्ने जिम्मेवारी सरकारको रहेको उल्लेख गर्दै उहाँले सरकार छिटोछिटो परिवर्तन भइरहेपनि राम्रा नीतिको निरन्तरताले नतिजा दिइरहेको अर्थमन्त्री पुनको दाबी थियो।

"जलविद्युत् क्षेत्रलाई प्रतिस्पर्धी बनाउनमा विगतका सरकारको नीतिको निरन्तरताले अहिले नतिजा देखाउन थालेको छ। अरु देशको भन्दा नेपालका बैंक तथा वित्तीय संस्था तुलनात्मक रुपमा राम्रा छन्। होटल क्षेत्रमा वृद्धिदर राम्रो देखिएको छ। यद्यपि, सरकारको खर्च नगर्न नसक्दा निर्माण क्षेत्रमा केही समस्या छ", उहाँले भन्नुभयो। नेपालमा सूचना प्रविधि क्षेत्रको राम्रो सम्भावना देखिएको र आगामी पाँच वर्षमा वार्षिक रु पाँच खर्बको सेवा निर्यात गर्नसक्ने अवस्थामा सूचना प्रविधि क्षेत्र पुग्नसक्ने उहाँको भनाइ थियो।आफू मन्त्री भएर आएपछि बजारलाई चलायमान बनाउन करिब रु ७० अर्ब बराबर रकम बजारमा पठाइएको पनि पुनको दाबी छ। त्यस्तै, प्रक्रिया पुर्‍याएर आएका निर्माण व्यवसायीको रकम भुक्तानी भइरहेको पनि उहाँले स्पष्ट पार्नुभयो।

पूर्वप्रधानमन्त्री झलनाथ खनालले नेपाल प्राकृतिक स्रोत साधनले सम्पन्न भए पनि यहाँको ठूलो संख्यामा युवापलायन हुनु बिडम्बनापूर्ण रहेको बताउनुभयो। प्राकृतिक रुपमा विविधतापूर्ण पारस्थितक प्रणाली रहेको र प्राकृतिक स्रोत साधनले सम्पन्न रहेको भए पनि नेपालको उत्पादन क्षेत्र कमजोर रहेको र औद्योगिक उत्पादन बढ्न नसकेको उहाँले बताउनुभयो। नेपालमा औद्योगिकीकरण हुन नसक्नुका आधारभूत कारण खोज्न नसके मुलुकलाई औद्योगिकीकरण गर्न सम्भव नहुने उहाँको जिकीर छ।

> "हामी अहिले सस्तो लोकप्रियताको कुरा गर्ने र ताली खाने अवस्थामा छैनौं। करका दायरा हेरफेर हुँदा त्यसको कारणको पुष्ट्याइसहित आउँछ। व्यक्तिगत र संस्थागत रुपमा कसैलाई लाभ पुग्नेगरी करका दर हेरफेर हुने छैनन्। निजी क्षेत्रले सामूहिक रुपमा केही माग लिएर आए सम्बोधन गर्न सरकार तयार छ", अर्थमन्त्री पुनले भन्नुभयो।

नेपालका दुई ठूला छिमेकीमुलुक उदियमान बजारका रुपमा रहेको नेपालले त्यसबाट कसरी लाभ लिन सकिन्छ भन्नेबारे सोच्नुपर्ने उहाँले बताउनुभयो।

कृषि, वन, पानीलगायत क्षेत्रको स्रोतलाई प्रयोगमा उहाँले जोड दिनुभयो। आत्मनिर्भर अर्थतन्त्रलाई निजी क्षेत्र र सहकारी क्षेत्रलाई पनि सँगसँगै डोर्‍याउनुपर्ने उहाँको भनाइ छ। भ्रष्टाचार, तस्करी, अनियमितता अर्थतन्त्रको रोगका रुपमा रहेको तथा राजस्व अपचलन बढेको खनालले आरोप लगानुभयो। भन्सार र खुला नाकाबाट अवैध रुपमा वस्तु भित्रिरहेको उहाँको दाबी थियो।

पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले नेपालको आर्थिक नीति कस्तो हुने भन्नेबारेमा संविधानले स्पष्ट नीति लिएको भए पनि त्यसको कार्यान्वयनमा समस्या र अस्पष्टता रहेको बताउनुभयो। "संविधानमार्फत् हाम्रा आर्थिक नीतिहरुले स्पष्ट दिशाबोध गरेको छ। तर हाम्रो बुझाइमा एकरुपता छैन। संविधानले राज्य, बजार र उपभोक्ताको सन्तुलित भूमिका खोज्ने भनेको छ", भट्टराईले भन्नुभयो। अहिले विश्वका विकसित मुलुकको चौँथो चरणको औद्योगिक क्रान्ति चलिरहेकोमा नेपाल भने औद्योगिक क्रान्तिको पहिलो चरणमै रहेको उहाँको भनाइ थियो। उहाँले वृद्धि, वितरण, दिगोपन र खुसीपनका चार आयामसहितको विकासको बाटो नेपालले लिनुपर्नेमा जोड दिनुभयो। अर्थतन्त्रको सुधारका लागि केही संरचनात्मक सुधार आवश्यक रहेको बताउनुहुँदै उहाँले सबैभन्दा पहिला राजनीतिक सुधार अपरिहार्य रहेको बताउनुभयो। स्थिर राजनीति र कुशल नेतृत्वबाटै अर्थतन्त्र सुधार सम्भव हुने भट्टराईको भनाइ छ।

पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले निजी क्षेत्र नै रोजगारी सिर्जना, आम्दानी वृद्धि र समृद्धिको बाहक रहेको बताउनुभयो। विसं २०४६ पछि पहिलो चरणको आर्थिक सुधारको प्रयास थालिएकोमा त्यसले राम्रो नतिजा दिएको र चालु आर्थिक वर्षको बजेटमार्फत् सरकारले दोस्रो चरणको आर्थिक सुधारको काम थालेको महतको भनाइ छ।"दोस्रो चरणको सुधारको समग्र खाका चालु आर्थिक वर्षको बजेटले प्रस्तुत गरेको छ। त्यसलाई इमानदारीपूर्वक कार्यान्वनयका लागि अगाडि बढाऔँ", महतले भन्नुभयो, "जबसम्म राज्यसंयन्त्र पारदर्शी र अनुशासित हुँदैन, तबसम्म बजेटलाई अनुशासित र पारदर्शी बनाउन सकिँदैन।" सरकार वितरणमुखी, विभेद्कारी र दलमुखी हुँदा त्यसले आर्थिक समस्या निम्त्याउनसक्ने महतको भनाइ छ।

आर्थिक वृद्धिका लागि आर्थिक अनुशासन आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो। अहिले आवश्यकता के हो र के कुरालाई प्राथमिकतामा राखेर बजेट ल्याउँदा उपयुक्त हुन्छ भनेर सरकारले गम्भीर रुपमा सोच्नुपर्ने महतको भनाइ थियो। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले देशको अर्थतन्त्रको मुख्य सम्बाहकका रुपमा रहेको निजी क्षेत्रले उत्पादन वृद्धि, रोजगारी सिर्जनालगायतका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको बताउनुभयो। निजी क्षेत्रको क्रियाशीलता बिना मुलुकको समृद्धिको आकांक्षा पूरा हुन नसक्ने पनि उहाँले स्पष्ट पार्नुभयो। सरकारले निजी क्षेत्रलाई अर्थतन्त्रको मुख्य साझेदारको रुपमा लिएको पनि उहाँको भनाइ छ।

सरकारले नेपालमा उद्योग, व्यापारको वातावरण बनाउन आवश्यक नीतिगत र कानुनी सुधारका लागि निजी क्षेत्रको सल्लाहमा कानुन बनाउने काम अघि बढेको भन्दै उहाँले सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी नीति बनाएर अभियानको रुपमा सञ्चालन गरिएको बताउनुभयो। उद्योगमन्त्री भण्डारीले यस अभियानमा सरकारले निजी क्षेत्रको साथ चाहेको बताउनुभयो।

"सरकारले औद्योगिक नीति, वाणिज्य नीति, व्यापार तथा लजिस्टिक नीति, स्टार्टअप नीति, घरेलु तथा मझौला उद्योग प्रवर्द्धन नीति, आपूर्ति नीति, बौद्धिक सम्पत्ति नीतिलगायतका नीतिलाई समयानुकल परिमार्जन गर्दै गएको छ। स्वदेशी उत्पादनलाई संरक्षण गर्ने र तुलनात्मक लाभका क्षेत्र पहिचान गरेर निर्यात प्रवर्द्धनका लागि सबै पक्षले भूमिका खेल्नुपर्छ", उहाँले भन्नुभयो। स्वदेशी उद्योगको प्रतिस्पर्धात्मक क्षमता विकास गरिनुपर्नेमा पनि उद्योगमन्त्री भण्डारीले जोड दिनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले मुलुकको अर्थतन्त्र सुधारका लागि निजी क्षेत्रको खस्केको मनोबल उकास्नु अपरिहार्य रहेको बताउनुभयो। "जबसम्म निजी क्षेत्रको मनाबल उठ्दैन, निजी क्षेत्रमैत्री ऐन कानून बन्दैन र सरकारमा बस्नेको नियत सुध्रिदैन तबसम्म देश बन्दैन", उहाँले भन्नुभयो। सरकारले बनाउने ऐनकानुन निजी क्षेत्रमैत्री हुनुपर्नेमा उहाँले जोड दिनुभयो। सरकारले आगामी वैशाखमा लगानी सम्मेलन आयोजना गर्ने तयारी गरिरहेकोमा अघिल्ला लगानी सम्मेलनका प्रतिबद्धता कार्यान्वयन भए नभएकोबारे समीक्षा गरिनुपर्ने लिङ्देनको भनाइ थियो। निजी क्षेत्रले राज्य संयन्त्रबाट पर्याप्त सहयोग नपाएको पनि उहाँले उल्लेख गर्नुभयो।

"हाम्रोजस्तो देश निजी क्षेत्रको सहभागिता बिना बन्न सक्दैन। यसका लागि निजी क्षेत्रको मनोबल उठाउनुपर्यो", लिङ्देनले भन्नुभयो। निजी क्षेत्रले आफ्ना समस्या सरकारलाई स्पष्ट रुपमा सुनाउन आँट नगरेको पनि उहाँको भनाइ छ। नेकपा (एमाले) का नेता विष्णु रिमालले अर्थतन्त्रकाबारे सरकारमा रहँदा एक थरी र सत्ता बाहिर रहँदा अर्कोथरी कुरा गर्ने कार्यशैली उपयुक्त नभएको बताउनुभयो।

सांसद चित्रबहादुर केसीले सरकारको साधारण खर्च बढ्दा पुँजीगत खर्च घटेको र वार्षिक रुपमा विनियोजन भएको विकास बजेटसमेत खर्च हुन नसक्ने अवस्था रहेको बताउनुभयो। सङ्घात्मक राज्य व्यवस्थाले मुलुकलाई आर्थिक दायित्व थपेको उहाँको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रले लगानी गर्न चाहे पनि सरकारले त्यसका लागि वातावरण बनाउन नसकेको बताउनुभयो। "मुलुकको अर्थतन्त्र धान्ने निजी क्षेत्र पखेटा फिँजाएर लगानी गर्न खोजिरहेको छ। तर यसका लागि आवश्यक सेवा र सुरक्षा पाउन सकेको छैन।

निजी क्षेत्रले अहिले सरकारबाट थोरै मात्र भए पनि प्रोत्साहन चाहेको छ", ढकालले भन्नुभयो।

उद्यमशीलताका लागि नयाँ विचार, सोचसँगै समय र लगानीको आवश्यकता पर्ने उल्लेख गर्नुहुँदै ढकालले उद्यमीले श्रम पसिना बगाएर निर्माण गरेको उद्यमलाई सरकारी नीति र कर्मचारीको लहडले एकैछिनमा भताभुङ पारिदिनसक्ने अवस्था अहिले रहेको बताउनुभयो।

आर्थिक विकास र समृद्धिको सम्भावनालाई यथार्थमा परिणत गर्न राजनीतिक प्रतिबद्धता महत्वपूर्ण रहेको उहाँको भनाइ थियो।रासस

# ईयूले आफ्नो आप्रबासन प्रणालीमा ल्याउन खोजेको सुधार

एएफपी

ब्रसेल्स । युरोपेली संसद्ले शरणार्थी र अनियमित आप्रवासीका लागि युरोपेली सङ्घ (ईयू) को कानुनमा सुधारका लागि बुधबार मतदान गरेको छ ।

नयाँ ईयू शरणार्थी तथा आप्रवासन सम्झौतामा अनियमित रूपमा ईयूमा प्रवेश गर्ने आप्रवासीहरूको पहिचान, स्वास्थ्य तथा सुरक्षा जाँच गरिनेछ र उनीहरूको अनुहार र औँठाको छापको 'बायोमेट्रिक' प्रमाण रेकर्ड गरिनेछ । यो प्रक्रियाको लागि सात दिनसम्म लाग्नसक्ने नयाँ प्रस्तावमा उल्लेख छ ।

यसमा बालबालिकाले विशेष उपचार पाउनेछन् र उनीहरूका अधिकार सुनिश्चित गर्न सदस्य राष्ट्रहरूमा स्वतन्त्र अनुगमन संयन्त्रहरू हुनेछन् । यस प्रक्रियाको उद्देश्य कुन आप्रवासीहरूले द्रूत वा सामान्य शरण आवेदन प्रक्रिया प्राप्त गर्नु पर्दछ, र कुन आप्रवासीहरूलाई उनीहरूको मूल देश वा 'ट्रान्जिट'मा फिर्ता पठाउनु पर्दछ भनेर निर्धारण गर्नु हो ।

सुव्यवस्थित जाँच

सुरक्षाको स्थिति प्राप्त गर्ने कम सम्भावनासँग शरण चाहनेहरूलाई छिटो प्रक्रियामार्फत् आवेदन प्रक्रियालाई अगाडी बढाइने छ । ट्युनिसिया, मोरक्को र बङ्गलादेशजस्ता देशका नागरिकहरू यस श्रेणीमा पर्दछन् । यी मुलुकबाट आउने नागरिकलाई कम से कम ८० प्रतिशत मामलाहरूमा नागरिकहरूको शरण आवेदन अस्वीकार गरिएको देशका नागरिकको रूपमा परिभाषित गरिएको छ ।

उनीहरूको सुव्यवस्थित अनुप्रयोगहरू विमानस्थलसहित प्रायः भूमि सीमा र बन्दरगाहजस्ता ईयूको 'बाह्य सीमा' बाट टाढाका केन्द्रहरूबाट प्रक्रिया अगाडी बढाइने छ । त्यसैले यदि उनीहरूको अनुरोधलाई निराधार वा अस्वीकार्य ठहऱ्याइयो भने उनीहरूलाई तुरुन्तै फिर्ता पठाउन सकिन्छ ।

यसको लागि हिरासतहरू प्रयोग गर्नु आवश्यक छ यद्यपि घर वा आवासमा नै नजरबन्द वैकल्पिक उपायहरू प्रयोग गर्न सकिनेछ । कुनै पनि समयमा ३० हजारसम्म




मानिसहरूलाई हिरासत केन्द्रहरूमा राख्न सकिन्छ । वार्षिक रूपमा एक लाख २० हजार आप्रवासीहरू ईयू सदस्य राष्ट्र भएर शरणार्थीका लागि यूरोप छिर्ने गरेको ईयूको अनुमान रहेको छ ।अभिभावक साथमा नभएका नाबालिकहरूले सुरक्षा जोखिमलाई ध्यानमा राख्दै उनीहरूलाई परिवारको साथमा राखिनेछ ।

प्रतिवद्धता संयन्त्र

नयाँ प्रणालीले ईयूको तथाकथित जिम्मेवारीसम्बन्धी 'डबलिन तेस्रो सिद्धान्त' कायम राखिनेछ, तर थप मापदण्डका साथ पहिलो देशले शरण खोज्नेको फाइल अर्को ईयू देशमा सार्न सक्नेछ ।अनिवार्य ऐक्यबद्धता संयन्त्रले सदस्य राष्ट्रहरूलाई ईयूको बाह्य किनारा देशहरूमा आउने शरणार्थी निवेदकहरूको निश्चित संख्यामा मात्र शरण दिन बाध्य पार्नेछ ।

यदि तिनीहरूले त्यसो गर्न चाहेनन् भने, ती अन्य देशहरूले यसको सट्टा आर्थिक सहयोग वा अन्य सामग्री वा कर्मचारीको सहयोग योगदान प्रदान गर्न सक्दछन् ।प्रतिवर्ष कम्तीमा ३० हजार शरणार्थीहरूलाई नयाँ स्थानान्तरण प्रणालीअन्तर्गत प्रवेश नियन्त्रण गर्न सकिनेछ ।

आतिथ्यताको सट्टा भुक्तानी गर्न रुचाउनेहरूका लागि वार्षिक ६० करोड युरो (करिब ६५ करोड अमेरिकी डलर) को वित्तीय क्षतिपूर्ति निर्धारण गरिनेछ ।

शरणार्थीको वृद्धिपछिको प्रतिक्रिया

सन् २०१५/१६ मा २० लाखभन्दा बढी शरणार्थीहरू युरोपेली सङ्घमा प्रवेश गर्दा ईयूले सामना गर्नुपरेको सङ्कटको सामना गर्नुपरेको थियो । उक्त समय यूरोप पुग्ने अधिकांश शरणार्थी युद्धग्रस्त सिरिया र अफगानिस्तानबाट यूरोप पसेका थिए । सन् २०२३ मा ११ लाख ४० हजार शरणार्थीले शरणका लागि निवेदन दिएका छन् र यो सन् २०१६ यताकै उच्च हो ।अत्यधिक शरणार्थीको प्रवेशले सदस्य राष्ट्रहरूलाई शरण खोज्नेहरूका लागि आवश्य सुरक्षा प्रवन्ध गर्न समस्या हुनेछ ।

यही कारण उनीहरू ईयूको बाह्य सीमामा रहेका हिरासत केन्द्रमा सामान्यतया अनुमति दिइएको भन्दा लामो समयसम्म राख्न सम्भव हुनेछ ।

ईयूका सदस्यहरू पनि बाह्य देशहरूद्वारा आप्रवासी प्रवाहको 'उपकरणीकरण' लाई सम्बोधन गर्न चाहन्छन् ।

उदाहरणका लागि बेलारूस र रूसले आप्रवासीहरूलाई युरोपेली सङ्घलाई अस्थिर तुल्याउन युरोपेली सङ्घमा प्रवेश गर्न प्रोत्साहन गरेको आरोप लाग्दै आएको छ।

सुरक्षित तेस्रो देश

> यसमा बालबालिकाले विशेष उपचार पाउनेछन् र उनीहरुका अधिकार सुनिश्चित गर्न सदस्य राष्ट्हरुमा स्वतन्त्र अनुगमन संयन्त्रहरु हुनेछन् । यस प्रक्रियाको उद्देश्य कुन आप्रवासीहरुले द्रूत वा सामान्य शरण आवेदन प्रक्रिया प्राप्त गर्नु पर्दछ, र कुन आप्रवासीहरुलाई उनीहरुको मूल देश वा "ट्रान्जिट"मा फिर्ता पठाउनु पर्दछ भनेर निर्धारण गर्नु हो ।

डबलिन तेस्रो संयन्त्रमा सुधार ल्याउनेछ, जसअन्तर्गत सामान्यतया, अनियमित आप्रवासी युरोप प्रवेश गरेको पहिलो विन्दु रहेको देश उनीहरूको मुद्दा सम्हाल्न जिम्मेवार हुनेछ ।

नयाँ नियमले हालैका वर्षहरूमा भूमि र समुद्री आगमनको ठूलो हिस्सा प्राप्त गरेका इटाली, ग्रीस र माल्टालाई थप तनाव दिनसक्ने अनुमान गरिएको छ ।

नयाँ नियमअनुसार पहिलो देशको शरण खोज्नेहरूको जाँच गर्दा 'सुरक्षित तेस्रो देश' को अवधारणालाई अनुमति दिइनेछ ।

सुरक्षाको लागि अनुरोध गर्न पर्याप्त मानिएको 'सुरक्षित' मानिएको देशमार्फत् ईयूमा आएकाहरूको ईयू आवेदन अस्वीकृत हुन सक्ने 'सुरक्षित तेस्रो देश' को अवधारणाको उद्देश्य हो तर यसलाई लागू गर्नका लागि, शरण खोज्ने व्यक्ति र ट्रान्जिट देशबीच पर्याप्त सम्पर्क स्थापित गर्नु पर्दछ ।

# करातेमा नौ स्वर्णसहित १६ पदकका साथ बागमती प्रथम




**भरतपुर** । चितवनको भरतपुरमा जारी प्रथम अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत तेक्वान्दो र कराते प्रतियोगिता सम्पन्न भएका छन् ।

करातेका दुई विधा 'काता' र 'कुमुते' अर्थात् फाइटमा नौ स्वर्ण, तीन रजत र चार काश्य पदकसहित १६ पदकका साग बागमती प्रदेश प्रथम भएको छ । चार स्वर्ण, तीन रजत र दुई काश्य पदकसहित कूल नौ पदकका साथ लुम्बिनी प्रदेश दोस्रो भयो भने तीन स्वर्ण, दुई रजत र पाँच कास्य पदकसहित १० पदकका साथ सुदूरपश्चिम प्रदेश तेस्रो हुन सफल भयो ।

कोशी प्रदेश एक स्वर्ण, छ रजत र छ कास्य पदकसहित कूल १३ पदक जित्न सफल भयो भने कर्णालीले एक स्वर्ण, पाँच कास्य पदकसहित छ पदक हात पाऱ्यो । गण्डकी एक रजत र पाँच कास्य पदकसहित छ पदक, मधेस प्रदेश पनि एक रजत र सात कास्यसहित आठ पदक जित्न सफल भयो । विजेताहरुलाई राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्यसचिव एवं करातेका अध्यक्ष युवराज लामा, बागमतीका प्रदेशसभा सदस्य ईश्वर सापकोटा, प्रदेश खेलकुद विकास परिषद् बागमतीका सदस्य सचिव सूर्य भण्डारीले पुरस्कार वितरण गर्नुभयो ।

बक्सिङतर्फ विभिन्न तौल समूहका क्वाटर फाइनल तथा सेमिफाइनलका खेल सम्पन्न भएका छन् । यस्तै, चित्रवन रङ्गशालामा एथलेटिक्सका खेल सम्पन्न भएका छन् । पुरुष तथा महिला भलिबल भरतपुर महानगरपालिका-१० स्थित गेष्टहाउस चौरमा जारी छ । ब्याडमिन्टन भरतपुर कबर्डहलमा भइरहेका छन् । ब्याडमिन्टनमा पुरुष टिम इभेन्टमा कोशी प्रदेश प्रथम भएको छभने बागमती दोस्रो, कर्णाली र लुम्बिनी प्रदेशले तेस्रो स्थान हासिल गरेका छन् ।

त्यस्तै, महिला टिम इभेन्टतर्फ पनि कोशी प्रदेश नै प्रथम भएको छ । कर्णाली प्रदेश दोस्रो, गण्डकी र बागमती प्रदेशले तेस्रो स्थान हासिल गरेका छन् । अन्य इभेन्टका फाइनल खेल आज हुनेछन् । बखान स्मृति रङ्गशाला जारी महिला फुटबलतर्फ मङ्गलबार क्वाटरफाइनल चरणका खेल सम्पन्न भएका छन् । बुधबारदेखि सेमिफाइनल खेलहरु सुरु हुनेछन् ।

पौडीमा २७ स्वर्णसहित ५३ पदकसहित बागमती प्रथम

अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पौडी प्रतियोगितामा बागमती प्रदेश २७ स्वर्ण पदकसहित ५३ पदकका साथ प्रथम स्थान हुन सफल भएको छ । लेक ट्वान्टी थाउजन्ट हवेलीमा भएको प्रतियोगितामा बागमतीले २७ स्वर्ण, १९ रजत र सात कास्य पदकसहित ५३ पदकका साथ प्रथम स्थान हासिल गरेको हो ।

प्रतियोगितामा सुदूरपश्चिम प्रदेश तीन स्वर्ण, आठ रजत र सात कास्यसहित १८ पदकका साथ दोस्रो स्थानमा रह्यो । कोशी प्रदेशले तीन रजत, १३ कास्यसहित १६ पदकका साथ तेस्रो स्थान हासिल गऱ्यो । लुम्बिनी प्रदेशले तीन कास्य पदकसहित चौथो स्थानमा रह्यो भने मधेस र गण्डकी प्रदेशले एउटा पनि पदक जित्न सकेनन् । दुई दिनसम्मको प्रतियोगितामा ९० पदकका लागि प्रतिस्पर्धा भएको थियो । प्रतियोगिताको दोस्रो दिन मङ्गलबार १७ इभेन्टमा खेल भएका थिए ।रासस

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २०१२/०२/१४

स्वर्गारोहण
वि.सं. २०८०/१२/१७

कलवार कल्याण समिति, जनकपुरधामक महासचिव, श्री राम युवा कमिटीके पूर्व अध्यक्ष एवं विभिन्न सामाजिक संघ, संस्थाक अगुवा समाजसेवी श्री प्रमोद कुमार चौधरी, श्री विनोद कुमार चौधरी, श्री मनोज चौधरी, श्री सरोज कुमार चौधरी जीक

ममतामयी माय लक्ष्मी देवी चौधरी जीक

एहि २०८० चैत १७ गते तद्नुसार 30–03–2024 शनिदिन भेल स्वर्गारोहणसँ कलवार कल्याण समिति (चौधरी परिवार) मर्माहत भेल अछि । आई तेह्रम् दिनक पुण्य तिथिपर दिवंगत आत्माके चिर शान्ति एवं बैकुण्ठवासक कामनाक संगहि हार्दिक श्रद्धाञ्जली अर्पण करैत छी । संगहि शोक सन्तप्त परिवार प्रति कलवार कल्याण समिति (चौधरी परिवार) हार्दिक समवेदना व्यक्त करैत अछि ।

नेवल चौधरी
सचिव

सुरेन्द्र प्रसाद चौधरी
अध्यक्ष
तथा

कलवार कल्याण समिति परिवार
जनकपुरधाम-७

हार्दिक श्रद्धाञ्जली



स्व. लक्ष्मी देवी चौधरी

हमरासभक जन्मदात्री परम आदरणीया ममतामयी माय स्व. लक्ष्मी देवी चौधरीक तेरहम पुण्यतिथिक अवसर पर बैकुण्ठवासी माताकेँ कोटिसः नमन आ हार्दिक श्रद्धासुमन अर्पित करैत छी ।

एहि असीम पीड़ाक क्षणमे स्व. मायप्रति श्रद्धाञ्जली अर्पित कएनिहार तथा हमरासभक सम्पूर्ण परिवारकेँ साथ-संग आ सम्वेदना देनिहार सर-सम्बन्धी, इष्ट-मित्र आ समाजप्रति हार्दिक आभार आ कृतज्ञता व्यक्त करैत छी ।
स्व. मायक आत्माक चिर शान्तिहेतु जगत् जननी माता जानकीसँ करबद्ध प्रार्थना ।

पुत्री/दामाद
शैल कुमारी चौधरी
उमाशंकर जयसवाल

नाती/बहु
पंकज जयसवाल/नितु जयसवाल
रंजन जयसवाल

नतिनी
काजल जयसवाल


परनाती
परनित बाबु

पुत्र/पुत्रबधु
प्रमोद कुमार चौधरी/तारा चौधरी
बिनोद कुमार चौधरी/रंजना चौधरी
मनोज चौधरी/रंजु चौधरी
सरोज कुमार चौधरी/चाँदनी कुमारी

पौत्र/पौत्रबधु
ई. अमन चौधरी/सचि चौधरी

पौत्र सभ
मणिराज, शुभम् राज
विभम् राज, शिवम् राज
प्रतिक बाबु, प्रत्युष बाबु
प्रत्यक्ष बाबु

# सुनको मूल्य प्रतितोला पाँच सयले बढ्यो



**टुडे समाचारदाता**

काठमाण्डु । स्थानीय बजारमा पहेँलो धातुको मूल्य बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधबार छापावाला सुनको मूल्य प्रतितोला रु पाँच सयले बढेको छ ।

मङ्गलबार प्रतितोला रु एक लाख ३६ हजार तीन सयमा कारोबार भएको छापावाल सुन बुधबारका लागि भने रु एक लाख ३६ हजार आठ सय निर्धारण भएको छ ।

त्यस्तै, तेजावी सुन सोमबार प्रतितोला रु एक लाख ३५ हजार छ सय ५० मा कारोबार भएकोमा महासङ्घले बुधबारका लागि भने रु एक लाख ३६ हजार एक सय ५० निर्धारण भएको छ । यस्तै, चाँदीको मूल्यमा पनि सामान्य वृद्धि भएको छ। अघिल्लो दिनको तुलनामा चाँदीको मूल्य तोलामा रु १५ ले बढेर एक हजार सात सय कायम भएको छ ।

# दोहोरो अङ्कले घट्यो नेप्से परिसूचक

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। बुधबार नेप्से परिसूचक १० दशमलव ७१ अङ्कले घटेर दुई हजार २५ दशमलव ३० को बिन्दुमा कायम भएको हो ।

बुधबार तीन सय आठ कम्पनीको ८६ लाख ९६ हजार नौ सय १८ कित्ता शेयर ६१ हजार चार सय २० पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४८ करोड ५६ लाख ६० हजार छ सय ४० बराबरको कारोबार भएको छ।

उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १३ र व्यापार समूह एक दशमलव ४६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै वित्त समूह दुई दशमलव ५० प्रतिशतले घटेको छ। बैंकिङ शून्य दशमलव ०३, विकास बैंक एक दशमलव २५, होटल तथा पर्यटन एक दशमलव ६७, जलविद्युत् शून्य दशमलव ०४ र लगानी शून्य दशमलव ४० प्रतिशतले घटेको छ। त्यसैगरी जीवन बीमा समूह एक दशमलव २५, लघुवित्त एक दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ७३, निर्जीवन बीमा समूह एक दशमलव ०४ र अन्य समूह शून्य दशमलव ४४ प्रतिशतले घटेको छ।

मान्डु हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ६९ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने सिंगटी हाईड्रो इनर्जी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु १२ करोड ५४ लाख ८८ हजार बराबरको शेयर कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने ङादी ग्रुप पावर लिमिटेडको दुई लाख ५६ हजार सात सय आठ कित्ता शेयर किनबेच भएको छ ।रासस

# मेलम्ची खानेपानी आयोजनाको नयाँ हेडवर्क्सका लागि प्रस्तावित स्थान कति सुरक्षित ?

काठमाण्डु । मेलम्ची खानेपानी आयोजनाको अहिले (सिन्धुपाल्चोकको हेलम्बु)मा रहेको हेडवर्क्स करिब एक किलोमिटरमाथि सार्कस्थलीमा सार्ने गरी नयाँ स्थान प्रस्तावित गरिएको छ । हेलम्बुस्थित मेलम्ची खानेपानी आयोजना सुधारको काम अगाडि बढाउँदा विपत्को जोखिम बढी भएको भन्दै र लागत बढी लाग्ने भन्दै नयाँ स्थानमा हेडवर्क्स बनाउने तयारी गरिएको हो ।

खानेपानी तथा सरसफाई मन्त्रालयले मेलम्ची खानेपानी आयोजनालाई दिगो बनाउँदै बाह्रै महिना नै उपत्यकावासीको धारामा मेलम्चीको खानेपानी उपलब्ध गराउनका लागि आयोजना सुधारको कार्य अगाडि बढाउन लागेको हो । आयोजनालाई दिगो बनाउनका लागि नयाँ स्थानमा आयोजनाको हेडवर्क्स सार्नुको विकल्प नभएको विकास समितिको ठहर छ ।

हेडवर्क्स बनाउने भनिएको नयाँ स्थान तुलनात्मकरुपमा सुरक्षित रहेको रहेको अध्ययन समिति तथा मेलम्ची खानेपानी विकास समितिको दाबी छ । मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जक्की अहमद अन्सारीले नयाँ हेडवर्क्स निर्माणका पहिचान गरिएको स्थान हाल हेडवर्क्स भएको स्थानबाट एक किलोमिटरको दूरीमा रहेको बताउनुभयो । उहाँले उक्त स्थानमा एक किलोमिटरभन्दा कम लम्बाइको सुरुङ निर्माण गरे पुग्ने देखिएकाले सार्कस्थलीमै नयाँ हेडवर्क्सका लागि उपयुक्त रहेको जिकिर गर्नुभयो ।

“प्रस्तावित नयाँ स्थान हाल हेडवर्क्स रहेको स्थानभन्दा करिब एक सय मिटर उचाइमा छ । ‘फ्लसिङ’ प्रणालीबाट निर्माण गर्न सहज हुने तथा विगतमा जस्तै प्राकृतिक विपत् आएमा कम प्रभाव पर्ने अध्ययनले देखाएको छ”, उहाँले भन्नुभयो, “प्रस्तावित स्थानको दायाँ, बायाँ र पिँधमा समेत चट्टान अवस्थित रहेकाले दिगो हुने देखिएकाले प्रस्तावित नयाँ स्थान सुरक्षित छ ।”

उहाँले हरेक मनसुनको औसत बाढी र यस्तै किसिमको बाढीबाट संरचनामा कम प्रभाव पर्ने, हरेक वर्ष बर्सातको समयमा जम्मा हुनसक्ने ढुङ्गा, माटो र गेग्रानबाट पानी पथान्तरणमा प्रतिकूल असर नपर्ने देखिएको बताउनुभयो। मेलम्ची खानेपानी आयोजनाको दिगो समाधानका लागि प्रारम्भिक अनुमानित खर्च रु चार अर्ब ५० करोड लाग्न सक्ने भन्दै उहाँले लागत व्यवस्थापनका लागि दातृ निकायसँग पनि अनुरोध गर्ने बताउनुभयो । उहाँका अनुसार नयाँ हेडवर्क्स निर्माणका लागि पाँच वर्ष लाग्नेछ ।



मेलम्ची खानेपानी आयोजनालाई स्थायी बनाउन मध्यकालीन र दीर्घकालीन समाधानको समेत प्रस्ताव गरिएको छ । “दीर्घकालीन समस्या समाधानका लागि सार्कस्थलीमा नै आयोजना सार्नुको विकल्प छैन,” पाण्डेले भन्नुभयो, “मध्यकालीन समाधानका प्रस्तावित सबै उपायहरु डिजाइन/लागु गर्न करिब साढे दुई वर्ष लाग्छ । बायाँ किनारबाट हुनसक्ने पहिरोसँग सम्बन्धित जोखिम भने कायमै रहन्छ ।”

अन्सारीले ग्राभेल र सेडिमेन्ट हटाउने प्रणाली सुरुङभित्रै निर्माण गर्ने, बाढीको कारणले निर्मित संरचनामा कुनै असर नपर्ने, प्रस्तावित नयाँ इन्टेकसम्म पुग्नो लागि सुरुङभित्रै मार्ग निर्माण गर्ने बताउनुभयो । बर्सातको समयमा पनि रेखदेख, मर्मत र सम्भारमा समस्या नपर्ने, याङ्रीबाट आउने सुरुङलाई पनि हालको मेलम्ची सुरुङमा सिधै जोडिने भएकाले कुनै एक नदीमा समस्या भएमा पनि अरू दुईवटा नदीबाट निरन्तररुपमा काठमाडौं उपत्यकामा पानी प्रवाह गर्न सकिने उहाँको भनाइ छ।

“एसियाली विकास बैङ्कको प्राविधिक सहयोगमा बाढी आउनुको सम्भावित कारण र दिगो समाधानको उपायको सम्बन्धमा अध्ययन गरिएको छ”, उहाँले भन्नुभयो, “नयाँ हेडवर्क्सका लागि डिजाइन अवधारणा तयार गरी हेडवर्क्स निर्माणका लागि स्थान पहिचान गरिएको छ। विद्यमान हेडवर्क्सको दिगो उपयोगको सम्बन्धमा अध्ययन गर्ने र दिगो समाधानको अवधारणा अध्ययन गरी सोबारे राय दिने काम भइरहेको छ।”

**हालको हेडवर्क्स प्रयोगमा समस्या**

हालको हेडवर्क्स प्रयोगका लागि खोलालाई १० किलोमिटरभन्दा बढी गहिराएर साबिककै सतहमा ल्याउनुपर्ने भएकाले अहिलेको स्थानमा हेडवर्क्स प्रयोग गर्दा थप समस्या उत्पन्न हुनसक्ने अन्सारीले बताउनुभयो । “हाल जम्मा भएको गेग्रानको करिब ७० देखि ८० प्रतिशतसम्म हटाउनुपर्ने र खोलामा जम्मा भएको गेग्रान एकपटक हटाए पनि हरेक वर्ष बर्षातको समयमा पुनः गेग्रान जम्मा हुने अवस्था आउनसक्छ”, उहाँले भन्नुभयो, “भूकम्प पश्चात हेडवर्क्सको विपरीत बायाँ किनारामा ठूलो पहिरो सक्रिय रहेकाले कुनै पनि समयमा हेडवर्क्समा क्षति गर्नसक्ने सम्भावना छ । साथै यस सवलीकरणका लागि ठूलो रकम आवश्यक पर्ने तर दिगो हुने सम्भावना कम छ।”

हाइड्रोलोजी विज्ञ तथा अध्ययन कार्यदल प्रमुख प्रा डा विष्णुप्रसाद पाण्डेले पनि हालको हेडवर्क्स पानी जम्ने स्थानमा पर्ने भएकाले हेडवर्क्स सञ्चालन गर्न चुनौती देखिएकाले नयाँ स्थानमा सार्नुपर्ने बताउनहुन्छ । “पुरानै स्थानमा हेडवर्क्स रहँदा फ्लसिङ सुविधाको व्यवस्था गर्नुपर्छ, निकास फ्लसिङ व्यवस्थाका लागि नदीको घुमाउरो एल प्रोफाइल परिमार्जन गर्न गाह्रो देखिने चुनौतीहरु छन्”, उहाँले भन्नुभयो, “बायाँ किनारमा पहिरोको स्थिरीकरणका लागि ठूलो लगानीको आवश्यकता पर्दछ, जुन लामो समयसम्म टिकाउ नहुन पनि सक्ने भएकाले अन्यत्र हेडवर्क्स सार्नु उपयुक्त हुन्छ।”

मेलम्ची खानेपानी आयोजनालाई स्थायी बनाउन मध्यकालीन र दीर्घकालीन समाधानको समेत प्रस्ताव गरिएको छ। “दीर्घकालीन समस्या समाधानका लागि सार्कस्थलीमा नै आयोजना सार्नुको विकल्प छैन,” पाण्डेले भन्नुभयो, “मध्यकालीन समाधानका प्रस्तावित सबै उपायहरू डिजाइन/लागू गर्न करिब साढे दुई वर्ष लाग्छ। बायाँ किनारबाट हुनसक्ने पहिरोसँग सम्बन्धित जोखिम भने कायमै रहन्छ।”

मेलम्चीमा यसअघि नै ठूलो मात्रामा लगानी भइसकेको र टनेल पूर्वाधारमा बजेटको ठूलो हिस्सा खर्च भएकाले पुरानै संरचना प्रयोग गरी हेडवर्क्स सार्नुपर्ने उहाँको सुझाव छ । “सन् २०२१ को बाढीले हेडवर्क्समा क्षति पुऱ्याए पनि धेरै लागतमा निर्माण भएका टनेल तथा अन्य संरचनाहरु सुरक्षित छन्। ती संरचनालाई सदुपयोग गर्दै पहिले नै उपलब्ध पूर्वाधारको सदुपयोग गर्नु उपयुक्त हुन्छ”, उहाँले भन्नुभयो।

यद्यपि हेडवर्क्स सार्ने हालको प्रस्तावित नयाँ स्थान सुरक्षित रहेको भन्ने आधार नभएको भन्दै आलोचनासमेत भइरहेको छ । सिन्धुपाल्चोकस्थित हेलम्बु गाउँपालिका अध्यक्ष निमाग्याल्जेन ह्योल्मोले खानेपानी तथा सरसफाइ मन्त्रालयले मेलम्ची खानेपानी आयोजनालाई दिगो व्यवस्थापन गर्दै बाह्रै महिना पानी ल्याउनका लागि सार्कस्थलीमा आयोजनाको हेडवर्क्स बनाउने तयारी गरिरहेका पनि उक्त स्थान पनि असुरक्षित रहेको उहाँको भनाइ छ। “सार्कस्थली कसरी सुरक्षित हुन्छ ? सुरक्षित हुन्छ भनेर त्यहाँ आयोजना सार्नु गलत छ, मुहान सार्ने निर्णय गलत हो”, उहाँले भन्नुभयो ।

गत साता मन्त्रालयले आयोजना गरेको दिगो व्यवस्थापनसम्बन्धी अन्तक्रियामा धारणा राख्दै अन्य सरोकारवालाहरुले पनि सार्कस्थली सुरक्षित भन्ने आधारको विषयमा प्रश्न उठाउनुभएको थियो ।

तीन दशकको पखाइपछि बनाइएको आयोजना अनिश्चित बनेसँगै उपभोक्तालाई खानेपानीको समस्या फेरि पनि झेल्नुपर्ने अवस्था आएको उहाँहरुको भनाइ थियो । गत साउन २८ र २९ गते आएको बाढीले पहिलेको अस्थायी संरचनामा क्षति हुँदा मेलम्चीको खानेपानी आयोजनाबाट पानीको आपूर्ति बन्द गर्नुपरेको थियो । आयोजनाको अस्थायी सुधारभएपछि गत माघ १ गते उपत्यकामा खानेपानी वितरण भएको थियो । विज्ञहरुले भने कम जोखिमपूर्ण स्थानमा आयोजना निर्माण गर्न सुझाव दिनुभएको छ। विगतमा पनि मेलम्चीको भौगर्भिक अवस्थाबारेमा राम्रो अध्ययन नहुँदा मेलम्ची आयोजनामा समस्या भएको उहाँहरुको भनाइ छ।

भूगर्भविद् डा सुबोध ढकालले आयोजना सुधार कार्य प्रारम्भ गर्नुअघि नै प्रास्तावित नयाँ स्थान जोखिमपूर्ण रहेको वा नरहेको विषयमा गहन रुपमा अध्ययन गर्न सुझाव दिनुभएको छ । “आयोजना क्षेत्रको मात्रै अध्ययन गरेर हुँदैन, तल्लो र माथिल्लो तटीय क्षेत्रको पनि अध्ययन गर्न जरुरी छ, पहिरोको सम्भावना कतिको छ ? विगतमा के भएको थियो ? कसरी विपत्मैत्री आयोजना निर्माण गर्ने विषयमा ध्यान दिनुपर्छ”, उहाँले भन्नुभयो, “यदि आयोजनामा फेरि पनि लापरबाही गर्न थालियो भने अब हेडवर्क्स स्थानान्तरण गर्दैमा आयोजना सुरक्षित हुने छैन ।” उपत्यकामा जनसंख्याको बढ्दो चापसँगै खानेपानीको मागअनुसार आपूर्ति व्यवस्थापन सहज हुन सकिरहेको छैन । हाल मेलम्ची खानेपानी आयोजनाबाट दैनिक १७ करोड लिटर पानी वितरण भइरहेको छ ।रासस

# कच्चापदार्थको अभावमा खोपासीको ‘फ्रेण्डसिप पेपर उद्योग’ सङ्कटमा

धुलिखेल। काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-१० खोपासीमा सञ्चालित हाते कागज (फ्रेण्डसिप पेपर) उद्योग कच्चापदार्थको अभावका कारण सङ्कटमा परेको छ।

आवश्यक परेका बेलामा कच्चापदार्थ (लोक्ता र अर्गेली)को अभाव, उत्पादन भएको कागज बिक्रीका लागि बजारको अभावका साथै आर्थिक व्यवस्थापनका लागि बैंकले ऋण नदिँदा उद्योग सञ्चालनमा सङ्कट उत्पन्न भइरहेको सञ्चालकले जनाएको छ ।उद्योगका सञ्चालक चतुरमान शाक्यले मागअनुसार कच्चापदार्थको आपूर्ति नहुँदा भनेजस्तो उत्पादन गर्न समस्या भइरहेको बताउनुभयो । साथै उत्पादित कागजको सहज रुपमा बिक्री नहुँदा समस्या हुने गरेको उहाँको भनाइ छ।



उद्योगमा लोक्ता र अर्गेली पेल्नका लागि तयार गर्ने काममा व्यस्त मनिता कार्कीले यहाँस्थित नेपाली कागज उद्योगमा वर्षौंदेखि काम गर्दै आएको बताउनुभयो । उद्योग सिजन अनुसार जसोतसो सञ्चालन हुँदै आएको उहाँको भनाइ छ।“घाम नलाग्दा र पानी परेको बेलामा काम हुँदैन”, कार्कीले भन्नुभयो, “घामको भरमा काम गर्नुपर्ने भएकाले बिहान १० बजेदेखि ४ बजेसम्म मात्रै काम गर्ने गरेका छौं ।” उद्योगमा कार्यरत सबै मजदुर आएमा दैनिक पाँच/छ कोरी उत्पदान हुने उहाँले जानकारी दिनुभयो।

उद्योगमा कार्यरत अर्का मजदुर सवला गुरागाईंले कात्तिकदेखि वैशाखसम्म मात्रै काम हुने भन्दै आफ्नै टोलमा उद्योग भएकाले काम भने सहजै पाउने गरेको बताउनुभयो । उहाँले विसं २०६२ देखि यहाँ काम गर्दै आएको बताउनुभयो । उहाँहरु जस्तै उक्त उद्योगमा दैनिक १४ जनाले कागज उत्पादनमा काम गरिरहेका छन् । आवश्यक परेको बेलामा कच्चापदार्थको आपूर्ति नहुँदा उत्पादनमा समस्या हुने गरेको उहाँहरुको भनाइ छ । ठूलो ड्रममा उसिनेर कच्चापदार्थ पेल्नेबाहेक सबै काम मजदुरले गर्ने गरेका छन् ।

विसं २०५८ मा दुई जनाले दर्ता गरेर सञ्चालन गरेको ‘फ्रेण्डसिप पेपर उद्योग’ अहिले पनि जसोतसो सञ्चालन भइरहेको उद्योगका सञ्चालक शाक्यले बताउनुभयो । अहिले आवश्यक कच्चापदार्थ तथा बजारको अभाव, बिक्री गरेपनि समयमा पैसा नपाउनेलगायत समस्याले उद्योग सङ्कटमा पर्न थालेको उहाँको भनाइ छ । अहिले दुई जनाले उद्योग सञ्चालनलाई निरन्तरता दिँदै आएको उहाँले जानकारी दिनुभयो।

“बजार सामान बिक्री गर्दा समयमा पैसा नदिने गरेकाले गाडी भाडा, मजदुरको ज्यालालगायत खर्चसमेत नपुग्ने अवस्था थियो । पछिल्लो समय यसलाई व्यवस्थापन गर्दै लगेका छौं”, शाक्यले भन्नुभयो, “अहिले बजार पनि राम्रो छैन। केही मजदुरलाई भने अझै रोजगार दिन सकिरहेका छौं ।” उहाँका अनुसार उद्योगबाट २० ग्राम र ८० ग्रामका कागज उत्पादन हुँदै आएको छ ।उत्पादित २० ग्रामको प्रतिकागज रु २० र ८० ग्रामको रु ७० मा बिक्री हुने गरेको सत्तचालक शाक्यले जानकारी दिनुभयो। उत्पादन गरेअनुसार बजारमा सामान बिक्री नहुँदा करिब रु पाँच/छ लाखको सामान गोदाममा थन्किएको उहाँको भनाइ छ।

“कच्चापदार्थ आवश्यकता अनुसार नपाउने, पहिला नै भुक्तानी गरेर माग गर्नुपर्ने, आफूले भनेजस्तो नपाउने, बजार अभावलगायत कारणले उद्योग सङ्कटमा पर्दै गएको छ”, सञ्चालक शाक्यले भन्नुभयो। राज्यले आवश्यक कच्चापदार्थ, उत्पादन भएको वस्तुको सहज बजारीकरण र लगानीको पर्याप्त वातावरण बनाइदिएको अवस्थामा उद्योगको अस्तित्व बचाउन सकिने उहाँको भनाइ छ।

उद्योगलाई निरन्तरता दिन बजारको सुनिश्चितता मुख्य आधार भएकाले त्यसको व्यवस्थापन राज्यले गरेमा भएका उद्योगलाई बचाउन र थप रोजगारीका अवसर सिर्जना गर्न सकिने शाक्यले बताउनुभयो ।रासस

# किसान उखुखेतीतर्फ आकर्षित

तम्घास । पछिल्लो समय गुल्मीका किसान उखुखेतीतर्फ आकर्षित भएका छन् । कम लागतमा बढी उत्पादन हुनुका साथै उखुबाट गुँड र खुदो बनाएर बेच्न सकिने भएपछि यहाँका किसान उखुखेतीतर्फ आकर्षित भएका हुन् । जिल्ला गुण र खुदोको लागि प्रख्यात मानिन्छ।

देशका ठूला सहरका साथै विदेशी बजारमा गुल्मीको गुँड तथा खुदोको माग बढ्न थालेको स्थानीय बताउँछन् । विगतका वर्षमा किसानले परम्परागत खेती गर्दै आएकामा पछिल्लो समय भने उखुको व्यावसायिक खेती गर्दै आएका छन् । कतिपय कृषिजन्य सामग्रीले बजार नपाइरहेका बेला उखुबाट बनेका गुँड र खुदोलाई भने बजारको कुनै समस्या नहुँदा जीविकोपार्जनमा सहजता मिलेको किसान चोलनाथ ज्ञवालीले बताउनुभयो। “पहिले-पहिले बजारको समस्या थियो । अहिले भने कुनै समस्या छैन”, उहाँले भन्नुभयो, “उखुबाट बनाउने गुँड र खुदो बेचेर घरखर्च सहजरुपमा भइरहेको छ ।”

**विदेशी बजारसम्म गुल्मीको खुदो**

छत्रकोट गाउँपालिकास्थित दिगाम, हर्दिनेटा, खर्ज्याङ, मानकोटका साथै रुरुक्षेत्र गाउँपालिकाको थोर्गा, थानपतिलगायत स्थानमा उखुको राम्रो उत्पादन हुने जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लामा उत्पादन भएको गुँड तथा खुदो स्थानीय बजार रिडी हुँदै पाल्पा, बुटवल, पोखरा, काठमाडौँका साथै विदेशी बजारसम्म पुग्ने गरेको छ।

खुदो प्रतिलिटर रु एक सय ८० देखि दुई सय ५०, सादा गुँडको एक सय ७० र मसलावाला गुँडको रु दुई सय ५० मा प्रतिकिलो बिक्री हुने गरेको किसान सन्तोष पौड्यालले बताउनुभयो। अन्य बालीमा जस्तै उखुमा पनि बाँदर आतङ्कबाट किसानले हैरानी खेप्नुपरिरहेको उहाँले गुनासो गर्नुभयो। “उत्पादन गर्न बाँदर प्रमुख समस्या बनेको छ”, पौड्यालले भन्नुभयो, “बाली जोगाउन सके बजारमा जति पनि बिक्री हुन्छ ।” बाँदर नियन्त्रणका लागि सरकारले ठोस् कार्यक्रम ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो। हाल गुल्मीमा एक सय ७९ हेक्टर क्षेत्रफलमा उखु लगाइएको ज्ञान केन्द्रले जनाएको छ। वार्षिक दुई करोडको उखु, गुँड तथा खुदो निर्यात हुने गरेको केन्द्रको तथ्याङ्कमा उल्लेख गरिएको छ।

जिल्लामा उखु उत्पादन वृद्धि गर्नको लागि कृषि ज्ञान केन्द्रले ‘जीतपुर-८’ नामको बीउसमेत वितरण गरेको छ। उखुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न केन्द्रले परीक्षणका रुपमा उखु अनुसन्धान केन्द्रबाट बीउ ल्याएर वितरण गरेको कार्यालयका प्रमुख नवराज भण्डारीले जानकारी दिनुभयो । साथै उखु किसानलाई पालिकाले बाँझो जग्गामा अनुदान दिने कार्यक्रम लागु गरेको उहाँको भनाइ छ ।रासस

# दुनाटपरी उद्योगबाट राम्रो आम्दानी

घोराही । घोराही उपमहानगरपालिका-१६ रातामाटाका शान्ति चौधरी र उहाँका श्रीमान् खुशीराम चौधरी दुनाटपरी उत्पादन गर्न व्यस्त हुनुहुन्छ । करिब ५० वर्षीया शान्ति र ५६ वर्षीय खुशीरामले विसं २०६९ बाट दुनाटपरी व्यवसाय गर्दै आउनुभएको हो । घरको काम सकेर बचेको समय यही व्यवसायमा उहाँहरुको दैनिकी बित्ने गरेको छ।

यस सहारा दुनाटपरी लघु उद्योगमा स्थानीय १० महिलाले पनि नियमित रुपमा काम गर्दै आउनुभएको छ। “उद्योगका अध्यक्ष शान्तिले आफूसँगै अन्य दिदीबहिनीहरु पनि जोडिएर आम्दानी गर्दै आएकाले खुशी व्यक्त गर्नुहुन्छ”, उहाँले भन्नुभयो, “अलि गाह्रो भनेको वनबाट पात टिपेर ल्याउँदा हुने गरेको छ।” बजारीकरणका लागि त्यति समस्या नहुने गरेको उहाँले बताउनुभयो।

“पहिले घरको चुलोचौकोमा आफूसँगै अरू दिदीबहिनीहरुको दिन बित्थ्यो, अहिले भने उद्यागेले सीपसँगै आम्दानी पनि राम्रो दिएको छ”, उहाँले भन्नुभयो, “अहिले घरको सबै काम सकेर श्रीमान्ले पनि सहयोग गर्ने भएको हुँदा झनै सहज हुने गरेको छ।” उहाँको दम्पतीले मासिक रु १५ हजार आम्दानी गर्दै आउनुभएको छ।

दुनाटपरी व्यवसायमा जोडिएका अन्य महिलाले पनि मासिक रु १०/१२ हजार आम्दानी गरिरहनुभएको छ । चाडपर्वको समयमा मागअनुसारको बजार पुऱ्याउन समस्या हुने उहाँको भनाइ छ ।



मेहनत र दुःखअनुसारको मूल्य पाउन नसक्दा समस्या हुने गरेको उहाँले सुनाउनुभयो । उत्पादित ठूलो बौत्तालाई रु साढे दुई र एक सय वटा भएको प्याकेटलाई रु साढे दुई सयमा बिक्री गरिएको छ । यसैगरी, टपरी रु पाँचका दरले बिक्री हुने गर्दछ। दुनाटपरी उद्योगमा दुई मेसिनमार्फत उत्पादन गरिन्छ। उद्योगमा मेसिन चलाउन, वनबाट पात टिपेर ल्याउन श्रीमतीलाई सहयोग गर्दै आएको शान्तिका श्रीमान् खुशीराम बताउनुहुन्छ। घरमा दुवै जना मिलेर काम गर्दा सहज हुने गरेको उहाँको अनुभव छ।

मेसिन बिग्रेमा कुनै सामान लिनु परेमा भारतसम्म खुशीराम नै जानुहुन्छ । उत्पादन गरेका दुनाटपरी घोराहीका विभिन्न होटल तथा मःमः पसलमा पठाउने गरिएको उहाँको भनाइ छ । कतिपय घरमै पनि लिने आउने गर्दछन् । जिल्लामा सञ्चालित मेला महोत्सवमा बढी बिक्री हुने गरेको छ । प्लास्टिकबाट बनेका वस्तुको प्रयोग बढ्दै जाँदा वातावरण नै प्रदूषित भइरहेको भन्दै सालका पातबाट बनाइने दुनाटपरीले वातावरणलाई पनि स्वस्थ्य बनाउन यस दुनाटपरी उद्योगले सहयोग पुऱ्याउँदै आएको छ । विवाह, व्रतबन्ध, पूजाआजालगायत कार्यमा दुनाटपरी अहिले पनि प्रयोग हुँदै आएको छ।

उद्योगमा आवश्यक कच्चापदार्थ सङ्कलनदेखि अन्य कार्यका लागि फुर्सदको समयलाई उपयोग गर्दै राम्रो आम्दानी गर्न सफल भएको दुनाटपरी उद्योगका सदस्य ४० वर्षीया कमला चौधरीले बताउनुभयो । समयको सदुपयोग, सीप र आम्दानी पनि आफूले काम गरे अनुसारको प्राप्त हुने उहाँ बताउनुहुन्छ।

सहारा दुनाटपरी लघु उद्योगका अध्यक्ष शान्तिको प्रयासबाट सञ्चालित उद्योगले स्वरोजगार प्रदान गर्नाका साथै परम्परागत दुनाटपरीको संरक्षण भएको उहाँको भनाइ छ। खेर जाने सालको पातलाई प्रयोगमा ल्याएर आम्दानीको पाटोलाई बढाउन पाउँदा खुशी व्यक्त गर्नुहुन्छ ।रासस

# देशभरीका सहकारीको छानबिन गर्न सचेतक यादवको माग

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक प्रदीप यावदले देशभरका सहकारीको आर्थिक अवस्थाको छानबिन गर्न माग गरेका छन् ।




पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य यादवले बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले सानो पाइला बचत तथा ऋण सहकारी संस्थाले बचतकर्ताको अर्बौ रुपैयाँ लिएर फरार भएको भन्दै यसबारे ध्यान दिन जरुरी रहेको बताए । मकै बेच्ने, हजाम तथा स-साना पसलदेखि स्थानीयस्तरमा व्यवसाय चलाउनेहरुलेसंकलन गरेको पैसा सहकारीमा डुबेकोले त्यो पैसा निकासा गराउन जरुरी रहेको भन्दै संसदको माध्यमबाट सरकारको उनले ध्यानाकर्षण गराए ।

> पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य यादवले बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले सानो पाइला बचत तथा ऋण सहकारी संस्थाले बचतकर्ताको अर्बौ रुपैयाँ लिएर फरार भएको भन्दै यसबारे ध्यान दिन जरुरी रहेको बताए ।

नेताको मात्र नभइ कर्मचारीतन्त्रको पनि सम्पत्तिको छानबिन गरिनुपर्ने उनको भनाइ थियो ।

# आज ईद मनाइँदै, सार्वजनिक विदा



**टुडे समाचारदाता**

जनकपुरधाम । इस्लाम धर्मावलम्बीहरुले आज महान चाड ईलुल फित्र(ईद) धुमधामका साथ मनाउँदै छन् ।

बुधबार ३० रोजा पूरा भएको र बुधबार साँझ चन्द्रमा पनि देखिएकोले मुस्लिम समुदायले ईदुल फित्र (ईद) मनाउन लागेका छन्। खाडी मुलुक साउदी अरब, कत्तार, सहितका देशहरुमा बुधबार नै ईद मनाए पनि नेपालसहित भारत, पाकिस्तान, बंगलादेश लगायतका मुलुकका मुस्लिम सामुदायले बिहीबार एकैसाथ ईद मनाउँदै छन् ।

इस्लाम धर्मका ५ वटा आधार स्तम्भ इमान, नवाज, रोजा, जकात, हजमध्ये रोजा तेस्रा नम्बरको हो । हरेक बालिग महिला र पुरुषमा रमजान महिनामा रोजा बस्नुपर्ने अनिवार्य प्रावधान रहेको छ ।

ईदमा सेवइ, खीर तथा अन्य मिठो परिकार खानपिन गर्ने गरिन्छ । त्यस्तै इदको लागि मुस्लिम समुदायले परिवारका प्रत्येक सदस्यको लागि नयाँ लुगाकपडा खरिद गर्ने गर्दछ ।

जनकपुरधाम उपमहानगरपलिकाका पूर्व उपमेयर असगर अलीले भने, 'ईदको नमाज पढ्नु पुर्व घरका प्रत्येक सदस्यको लागि नयाँ लुगा कपडा लगाउनु जरुरी छन्, तर गरिब, असहायलाई मालदार मुस्लिमहरुले जकातको रुपमा लत्ताकपडा तथा खानपिनको लागि सामग्रीहरु सहयोग गरिदिने चलन रहेको छ ।'

ईदको बिहानै सम्पूर्ण मुस्लिमले नुहाई पाकसाफ भइ नयाँ कपडामा नजिकका इदगाह वा मस्जिदमा गएर ईदको नमाज पढ्ने गर्दछ । ईदको नमाज पढ्नु भन्दा पूर्व रोजामा भएको कमी कमजोरी वा रोजालाई शुद्धिकरणका लागि प्रतिव्यक्ति २ किलो ४५ ग्राम गहुँको दरले परिवारका सवै सदस्यहरुको नाममा अनिवार्य रुपमा मस्जिद मदरसामा दान गर्नुपर्ने चलन रहेको छ ।

ईदको नमाज समाप्त भएसँगै मुस्लिम समुदायले एक अर्कालाई अंकमाल गरी ईद मुबारक भन्दै शुभकामना दिने गर्छ ।

यता, ईदको अवसरमा संघीय सरकार र मधेश प्रदेश सरकारले पनि आज सार्वजनिक विदा दिएको छ ।

## नेशनल मेडिकल कलेज प्रकरण

# शाहनवाज र साहको दोश्रो पटक म्याद थप, चिकित्सकको धम्की

**टुडे समाचारदाता**

वीरगञ्ज । नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक (एमडी) शाहनवाज अन्सारी र ल्याब प्रमुख सञ्जय साहको अनुसन्धानको लागि पर्सा प्रहरीले दोश्रो पटक म्याद थपेको छ ।

पर्सा जिल्ला अदालतबाट प्रहरीले नेशनल मेडिकल कलेजका एमडी अन्सारी र ल्याब प्रमुख साहलाई थप ५ दिन थुनामा राख्न अनुमति लिएको छ ।

उपभोक्ता हित संरक्षण मञ्चले दिएको जाहेरीको आधारमा प्रहरीले उनीहरुविरुद्ध कालोबजारी तथा सामाजिक अपराधमा म्याद थप गरेको छ । उपभोक्ता हित संरक्षण मञ्चका सुनिल श्रेष्ठले दिएको जाहेरीमा नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशकले उपभोक्तालाई कालोबजारी गरेको भन्दै उनीसहित ल्याब प्राविधिक संजय साहविरुद्ध पनि जाहेरी दिएका थिए ।

> नेपाल चिकित्सक संघले पक्राउ परेका दुवै जनालाई रिहा गर्न प्रेस विज्ञप्ति जारी गरेको छ । वीरगञ्जको नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालबाट प्रबन्ध निर्देशक(एमडी) शहनवाज अन्सारीसंगै प्रहरीले पक्राउ गरेका ल्याब प्रमुख डा. संजय साहलाई विना शर्त रिहा गर्न चिकित्सकहरुको माग रहेको छ ।

यता नेपाल चिकित्सक संघले पक्राउ परेका दुवै जनालाई रिहा गर्न प्रेस विज्ञप्ति जारी गरेको छ । वीरगञ्जको नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालबाट प्रबन्ध निर्देशक(एमडी) शहनवाज अन्सारीसँगै प्रहरीले पक्राउ गरेका ल्याब प्रमुख डा. संजय साहलाई विना शर्त रिहा गर्न चिकित्सकहरुको माग रहेको छ ।

संघको नारायणी अञ्चल शाखाले एक विज्ञप्ति जारी गर्दै प्रहरीले अतिरञ्जित तरिकाले कसैको मानमर्दन हुने गरी डा. साहलाई नियन्त्रणमा लिएर हिरासतमा राखेकोमा आपत्ति समेत जनाएको छ । डा.साहलाई विना शर्त तत्काल रिहा गर्न माग गरेको छ । संघका सचिव डा. नौशाद हकले जारी गरेको विज्ञप्तिमा संघका आजिवन सदस्य समेत रहेका डा. संजय साहको मानमर्दन हुने गरी आपराधिक शैलीमा पक्राउ गरी लगेको घटनाप्रति संघको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

# होमियोप्याथिक चिकित्सा पद्धतिको विकास र उत्थानका लागि ६ बुँदे माग

**टुडे समाचारदाता**

जनकपुरधाम। होमियोप्याथिक चिकित्सा पद्धतिको विकास र उत्थानका लागि अल नेपाल होमियोप्याथिक एशोसिएशनले विभिन्न ६ बुँदे माग मधेश प्रदेश सरकारसँग राखेको छ ।




विश्व होमियोप्याथिक दिवस र २६९ औं हैनिमन जयन्तीको अवसरमा आयोजित एक कार्यक्रममा होमियोप्याथिक एशोसिएसन मधेश प्रदेशले स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुध्न सिंहलाई ज्ञापन बुझाउँदै ६ बुँदे माग राखेका छन् ।

एशोसिएसनका सचिव डा. सजिव कर्णले होमियोप्याथिक चिकित्सा पद्धतिको विकासका लागि कार्यरत होमियोप्याथिक चिकित्ससहित दरबन्दी सृजना गरी थप चिकित्सक स्थायी नियुक्ति गर्नुपर्ने, होमियोप्याथिक प्रादेशिक बोर्ड गठन गर्नुपर्ने, शिविर संचालन र बजेट बढाउन लगायतका विभिन्न माग राखिएको बताए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुध्न सिंहले एशोसिएसनले राखेको माग बारे प्रदेश सरकार होमियोप्याथिक चिकित्सा पद्धतिको विकासका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एशोसिएसनका पदाधिकारी तथा विज्ञहरु राखेर छुट्टै कार्ययोजना बनाएर अघि बढ्ने बताए । उनले आउँदो आर्थिक वर्षमा बजेट समेत बढाउने प्रतिबद्धता व्यक्त गरे ।

सो कार्यक्रममा होमियोप्याथिक चिकित्सा पद्धति विश्वभर फैलिएको र यसले अन्तर्राष्ट्रिय मान्यता समेत पाएकाले नेपालमा पनि यसको विकासमा प्रदेश सरकारले जोड दिनुपर्ने अल नेपाल होमियोप्याथिक एशोसिएशनका उपाध्यक्ष डा. विनोद महतोले बताए ।

# ५१ परिवारलाई लालपुर्जा

**टुडे समाचारदाता**

राजविराज । बाबु बाजेको पालादेखि बसोबास गर्दै आएका जग्गाको लालपुर्जा नहुँदा विभिन्न खाले समस्या भेलिरहेका ५१ परिवारलाई जग्गाधनीको लालपुर्जा (जग्गाधनी दर्ता प्रमाण पत्र) प्राप्त गरेका छन् ।



राजविराज नगरपालिका वडा नं.६ कार्यालयको पहलमा नापी कार्यालयले एक कार्यक्रमबीच उनीहरुलाई लालपुर्जा प्रदान गरेको छ । लालपुर्जा पाउनेहरुमा २७ पुरुष र २४ महिला रहेका छन् ।

राजविराज नगरपालिका वडा नं. ६ कार्यालयको आयोजना तथा नापी कार्यालय र ३ नम्बर नापी टोली राजविराजको संयोजनमा गरिएको कार्यक्रममा नापी कार्यालयका प्रमुख सुमन किशोर मिश्र, ३ नं नापी टोलीका प्रमुख सतिश कुमार यादव, वडा अध्यक्ष शशी चौधरी, जयनारायण मण्डल, सुभाष चन्द्र यादवलगायतले जग्गाधनी दर्ता प्रमाण पत्र पुर्जा प्रदान गरेका थिए ।

तत्कालीन बोरिया गाविस हाल राजविराज नगरपालिका-६ मा मात्रै ४ सय भन्दा बढी स्थानीयवासी जग्गाधनी प्रमाण पत्र पाउनबाट वञ्चित रहेकोमा आवश्यक प्रक्रिया पूरा गरी पहिलो चरणमा ५१ जनालाई लालपुर्जा प्रदान गरिएको र अन्यलाई पनि प्रक्रिया पूरा गर्दै क्रमिकरुपमा प्रदान गरिने नापी कार्यालयका प्रमुख मिश्रले बताए । गाउँ ब्लकको जग्गामा बाबुबाजेको पालादेखि बसोबास गर्दै आएका सो वडाका ४ सय भन्दा बढी वडावासी अझै लालपुर्जा नपाउँदा समस्या भोगिरहेको भन्दै वडाअध्यक्ष शशी चौधरीले बाँकी रहेका वडावासीलाई समेत जग्गाधनी प्रमाण पत्र दिलाउन आफुले आवश्यक पहल थालेको बताए ।

> राजविराज नगरपालिका वडा नं.६ कार्यालयको पहलमा नापी कार्यालयले एक कार्यक्रमबीच उनीहरुलाई लालपुर्जा प्रदान गरेको छ । लालपुर्जा पाउनेहरुमा २७ पुरुष र २४ महिला रहेका छन् ।

आफुले जिम्मेवारी सम्हालेपछि सुरु गरेको प्रयास बल्ल सफल हुन थालेको भन्दै उनले आफ्नो कार्यकालमा विवादित बाहेक सबै गाउँब्लक जग्गाका धनीहरुलाई लालपुर्जा दिलाएरै छाड्ने प्रतिवद्धता व्यक्त गरे ।

जग्गाधनी प्रमाण पत्र पाएकोमा खुशी व्यक्त गर्दै ८२ वर्षिय श्यामसुन्दर प्रसाद चौधरीले भने "आज देखि जग्गाधनी बन्न पाउँदा हामी पनि धन्य भयौं ।"

यता वर्षौ देखि लालपुर्जा नपाएका कारण राजविराजका नगरपालिकाका ५ हजार परिवार अहिले पनि समस्या मै छन् । विटौरी जग्गाको समस्या पनि यसरी नै समाधान हुनु पर्ने उनीहरुको माग छ ।

# एमालेमै फर्किए गजाधर यादव



**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालका कार्यकारिणी सदस्य गजाधर यादव नेकपा एमालेमा प्रवेश गरेका छन् ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीसंग टिकाटालो लगाउँदै नेता यादवलाई एमालेमा स्वागत गरेका थिए ।

प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्यको निर्वाचनमा जसपा नेपालमा रहेर पनि पार्टीलाई असहयोग गरेको आरोप लगाउँदै जसपाले स्पष्टीकरण लिएको थियो । त्यसपछि उनलाई जसपामा जिम्मेवारीविहीन बनाइएको थियो ।

यस अघि पनि उनी एमालेबाटै जसपामा प्रवेश गरेका थिए भने उनी नेता यादव पुनः एमालेमै फर्किएका छन् ।

सो पार्टी प्रवेशको क्रममा उपप्रधान तथा भौतिक विकास तथा यातायातमन्त्री रघुवीर महासेठ, पूर्वमन्त्री रामसिंह यादव, सन्तोष यादवलगायतका नेताहरुको समेत उपस्थिति रहेको थियो ।

# कोशीमा विशेष अधिवेशन आह्वान

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशका प्रदेश प्रमुख पर्शुराम खापुङ्ले वैशाख ६ गतेका लागि प्रदेशको विशेष अधिवेशन आह्वान गरेका छन् ।

चैत २६ गते केदार कार्की नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको नेकपा एमाले र नेकपा माओवादी केन्द्रका ५२ सांसदले मुख्यमन्त्री र सरकारलाई निर्देशन दिनुपर्ने भएकाले विशेष अधिवेशन मागसहित निवेदन दिएका थिए ।

सोही दिन मुख्यमन्त्री केदार कार्कीले मन्त्रीपरिषद्को निर्णय अनुसार आउँदो जेठ ११ गते संसदको नियमित अधिवेशन आह्वानका लागि निवेदन दिएका थिए ।

दुई दिन परामर्श गरेका प्रदेश प्रमुख खापुङ्ले २०८१ बैशाख ६ गते दिउँसो १ बजे प्रदेशसभाको विशेष अधिवेशन आह्वान गरेका छन् ।

प्रदेश प्रमुख खापुङ्ले नेपालको संविधानको धारा १८३ को उपधारा ३ अनुसार अधिवेशन आह्वान गरेको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता नरेन्द्रकुमार श्रेष्ठले जनाए ।

# मौलापुरमा आगलागी

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मौलापुर नगरपालिका-२ मर्यादापुर एकीकृत दलित बस्तीमा गए राति आगलागी भएको छ । आगलागी हुँदा ब्रम्हदेव महरा चमार, जगदेव महरा चमार, रामचन्द्र महरा चमारको फुसको घर गोठ जलेर नष्ट भएको जनाइएको छ ।

घर गोठभित्र रहेका ग्यास सिलिन्डर, खाद्यान्न सामग्री, लत्ताकपडा पूर्ण रूपमा जलेर नष्ट हुनुका साथै ४ वटा बाख्रा मरेको इलाका प्रहरी कार्यालय मौलापुरका प्रहरी निरीक्षक कुशल बर्तौलाले जानकारी दिए ।

आगलागीबाट पाँच लाख रुपैयाँभन्दा बढीको क्षति भएको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक एलिजा गिरीले बताइन् । प्रहरी र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा आएको थियो ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८